# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल धार्मिक साँस्कृतिक, भाषिक विविधता र परम्पराले भरिपूर्ण छ । चारजात र छत्तिस वर्णको फुलवारी आजसम्म आईपुग्दा यहाँ एकसय पच्चिस जातजाति र एकसय तेईस भाषा , भाषिक रहनसहन भेषभूषा फरक भुगोल तथा चाडपर्वहरु भएता पनि विविधतामा एकता कायम रहेको सर्व विदितै छ ।

यसरी भौगोलिक, साँस्कृतिक धार्मिक रुपमा फरक भएपनि यि सवै वर्ग र रहनसहनको सर्वपक्षिय संगमस्थल भनेको विद्यालय नै हो । विद्यालय एउटा पवित्र मन्दिर हो । जहाँवाट ज्ञान,सिप र वालवालिकाको व्यवहार र वृत्ति विकास हुन्छ । विद्यालय यस्तो स्थल हो जहाँ कलाकारले आफ्नो कला कौशल घनिभूत रुपमा प्रर्दशन गर्न पाउँछ । जुन कलावाट निखार स्वरुप सिप व्यवहार र ज्ञानको आदान प्रदान हुन्छ  अनि भविष्यमा राष्ट्रको लागि सभ्य र सक्षम नागरिक वन्न सफल हुन्छ ।

नेपालमा प्राचिनकालको शिक्षण प्रणालीवाट विकसित भएर आजको विद्यालय शिक्षा प्रणालीमा आईपुग्दा २०० वर्ष पुरा भैसकेको छ । विधिवत रुपमा नेपालको शिक्षा गुरुकुल , देवकुल पित्रृकुलवाट आधुनिक शिक्षाको थालनी वि.सं.१९१० मा राणा प्रधानमंन्त्री जंग वहादुर राणावाट विद्यालय शिक्षाको थालनी भयो  जसले अन्धकार र अन्यायको कालरात्री चिर्दै यहाँ सम्म आउदा जंगवहादुर राणाको युरोप भ्रमणवाट आएको उपज तथा त्यहाँको अंग्रेजी शिक्षाको मोहले अंग्रेजी शिक्षा नेपालमा भित्र्यायो । जुन शिक्षा नेपालका राजा महाराजा तथा श्री ३ राणा प्रधानमंत्री तथा उनका सन्तानहरुलाई शिक्षा दिलाउन वेलायती शिक्षक द्वय ( सर क्यानिङ र मिस्टर रस ) ल्याए वाट प्रस्ट हुन्छ । त्यस पछि समयको चक्रसँग यो पहुँच खुकुलो हुदै क्रमश सर्व साधारणको हातमा पुग्यो र विभिन्न कालखण्ड पार गर्दै आजसम्म आईपुग्दा हरेक विद्यालयहरुमा अंग्रेजी एक अनिवार्य विषयको रुपमा नभई धेरै विद्यालयहरुमा अंग्रेजी माध्यमवाट पठनपाठन शुरु भै सकेको अवस्था छ तथापि सामुदायिक र निजी विद्यालयहरुको विचमा अंग्रेजी विषयको उपलब्धिस्तर विचमा ज्यादै ठूलो खाडल रहेको र सामुदायिक विद्यालयमा निम्न माध्यमिक तह उत्तीर्ण परीक्षामा

भने जस्तो उपलब्धि नभएर निराशजनक अवस्था देखिएको छ भने अंग्रेजी विषयको एकातिर व्यापक प्रयोग र भविष्यको क्षेत्र ठुलो हुँदा पनि निम्न माध्यमिक तहको उत्तीर्ण परीक्षामा अंग्रेजी विषयको उत्तीर्ण प्रतिशत र औसत उपलब्धिस्तर तथा विषयगत उपलब्धि अन्य विषयको तुलनामा न्यून रहेको देखिन आएको छ । यसो हुनुका पछाडि सरकारी नीति ,सरोकारवालाहरु,आमशिक्षक, विद्यालय प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समिति तथा नागरिक सवैको वरावर अपनत्व र सहभागिताको कमी देखिन्छ। यसमा सुधार ल्याउन सम्पूर्ण सरोकारवालाहरु तथा शिक्षकहरु , विद्यार्थीहरु एवंम अभिभावकहरुको सक्रिय भूमिका रहनु उत्तम विकल्प मानिन्छ।

कतिपय सामुदायिक विद्यालयहरुको अवस्था नाजुक छ भने कति त नमुना विद्यालयका रुपमा स्थापित भएका छन् । अंग्रेजी भाषा संसारको प्रमुख ५ भाषाहरु मध्ये एक हो । यो संसारकै सञ्चारको मुख्य माध्यम पनि हो । हाम्रो देशमा देशको भौगोलिक वनावट, जनसंख्याको असमान वितरण, प्रादेशिका ढाँचा तथा वहुभाषिक समुदाय आदिका कारण तथा पर्याप्त तालिमको अभाव , सरकारी अनुगमनको कमी तथा गरिवी र सचेतनाको कमीवाट यस्तो अवस्था सिर्जना भएको अनुसन्धानको क्रममा देखिएको छ ।

शिक्षा हरेक व्यक्तिको नैसंर्गिक मानव अधिकारको विषय वनेको छ । नेपालको विद्यालय शिक्षामात्र नेपाली विषय पछिको अनिवार्य विषय अंग्रेजी भएतापनि यसको विश्व वजारमूल्य र व्यापकतालाई वुझ्न नसकेको तथा अन्य सवै पक्षिय चेतनामा कमि तथा यसको महत्व नवुझेको जस्तो देखिन्छ। धेरैको कम चासो तथा लगानी र मेहनत दुवै कम भएवाट यसको उपलब्धि स्तर कम भएको हुन सक्दछ। यो संसारकै संचारको प्रमुख भाषा भएता पनि नेपालको सन्दर्भमा दोस्रो स्थानको महत्व दिएवाट पनि यसको कम वास्ता भएर नै हरेक कक्षा र निम्न माध्यमिक उत्तीर्ण परीक्षामा उपलब्धिस्तर कम भएको मानिन्छ । सामुदायिक विद्यालयमा तालिम प्राप्त र अनुभवी शिक्षकहरु भएर पनि संस्थागत विद्यालय भन्दा सामुदायिक विद्यालयहरुमा उपलब्धिस्तर धेरै न्यून हुनु एउटा समस्याको विषय वनेको देखिएको छ । सामुदायिक विद्यालयहरुका एस.एल.सी. को आधारशीलाको रुपमा रहेको कक्षा ८ को जिल्लास्तरीय परीक्षाअर्थत निम्न माध्यमिक शिक्षा परीक्षामा अंग्रेजी विषयको उपलब्धिस्तरको खोजी गर्नु यो अध्ययनको पृष्ठभूमी हो।

## १.२ समस्याको कथन

नेपालले पनि सवैका लागि शिक्षा कार्यक्रमका लागि राष्ट्रिय कार्य योजना ( २०११– २०१५) वनाई यस अन्तर्गत शिक्षाका मूल दस्तावेज (२००४ – २००९) को रणनीति अनुसार विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरेतापनि सन् २०१४ – २०१५ सम्ममा ७% वालवालिकाहरु प्राथमिक तह उमेर समुहका विद्यालय पहुँच भन्दा पर झापामा मात्र १५,००० वालवालिकाहरु विद्यालय भन्दा पर रहेको एक अनुसंन्धान कार्यक्रम ( साक्षरता ) नेपाल अभियान २०१५ ले देखाएको छ । तथापी नेपाल सरकार र शिक्षा मन्त्रालयको ध्यान उति नपुगेको प्रष्ट हुन्छ । हरेक वालवालिकले शिक्षाको उज्यालो वाट वन्चित हुनु नपरोसे भनेर नेपालको प्रचलित संविधानको मौलिक हकमा प्रावधान रहेतापनि सवै वालवालिकाहरुलाई शिक्षामा सहभागी गराउन सामुदायिक विद्यालयहरु चुकेको प्रष्ट देखिन्छ । यसो भनिरहदा कतिपय सामुदायिक विद्यालयहरु नमुना विद्यालयका रुपमा स्थापित भएका छन् भने कैयौं विद्यालय विद्यार्थीको अभावमा खप्टिएका पनि देखिन आएका छन् । दुर-दराजमा रहेका आर्थिक अभाव तथा आफ्नो पहुँच नभएका कतिपय विद्यालयहरु अप्ठेरोमा परेका छन् ।

सामुदायिक भावना र अपनत्वको कमीले अथवा प्रभावकारी सरकारी अनुगमन नहुनाले विद्यालय प्रशासन चुस्त नहुनु यदि दरवन्दी भएपनि शिक्षक नदिनु वा पहुँचका आधारमा जानु , भौतिक पुर्वाधारको कमी , शिक्षण कौशल तथा उपयुक्त शैक्षिक सामाग्रीको कमी , शिक्षण शिकाई पुरानो शैलीको हुनु , समयमा पाठ्यपुस्तक उपलब्ध नहुनु , अभिभावकको विद्यालय प्रति उति चासो नहुनु , शिक्षकमा पनि विविध वर्गमा विभाजन सरकारी रुपमा हुनु , समान सुविधा नहुनु , राजनैतीक अभिप्रायले शिक्षकहरु प्रेरित हुनु , शिक्षक अभिभाक विच सहकार्य आधारभूत सक्षमतामी कमी , कक्षा/गृहकार्यमा न्यून संलग्नता तथा परामर्शको कमी हुनु , शिक्षक विद्यार्थीवीच समधुर सम्वन्ध नहुनु विद्युतीय शैक्षिक सामाग्रीको अभाव आदि कारणले गर्दा निम्न माध्यमिक तह उत्तीर्ण परीक्षामा अंग्रेजी , गणित जस्ता विषयहरुको उपलब्धि स्तर न्यून भएको पाईन्छ । तुलनात्मक रुपमा संस्थागत विद्यालयहरुको उत्तीर्णदर धेरै उच्च तथा सामुदायिक विद्यालयहरुको धेरै न्यून रहेको देखिन्छ । यसरी हेर्दा सामुदायिक केहि विद्यालयमा धेरै र उच्च उत्तीर्णदर भएतापनि समग्रमा चिन्ताजनक अवस्था नै रहेको प्रष्टिन्छ । अंग्रेजी विषय एक उज्वल भविष्य र

व्यापक क्षेत्र विषय भएको हुँदा हुँदै पनि मिनि फलामे गेट उत्तीर्ण परीक्षामा मध्यम औसत पुऱ्याउनु सके अति राम्रो हुने देखिन्छ । यसै प्रसंगमा जोडेर हेर्दा झापा धेरै जिल्लाहरुको तुलनामा अगाडि र केहि जिल्लाहरु भन्दा पछि रहेकोले सवै सरोकारवालाहरुको ध्यान पुग्नु उतिकै जरुरी देखिएको छ ।

अंग्रेजी विषयको उपलब्धिस्तर नेपाली, सामाजिक जस्ता विषयहरु भन्दा । न्यून हुनाले विद्यार्थीहरुको बोलचालमा भाषिक शुद्धताकोकमी भएको कारणले, उच्चारण गर्न तथा स्व. बाचन गर्न नसक्ने, पढाइएको पाठ नबुझ्ने, पढाइप्रति कम चासो दिने गृहकार्य र कक्षाकार्यमा थोरै मात्र विद्यार्थीहरु बढी सक्रिय हुने, अभिभावकको बढी समय घरायसी कामकाजमा । लगाउने, आर्थिक कठीनाई कारणहरुले गर्दा विषयगत औषत उपलब्धिस्तर अन्य विषयको तुलनामा न्यून र परीक्षामा सामेल भएजति सबै जना विद्यार्थीहरु पढाइमा कमजोरी हुने र खास गरी अंग्रेजीमा कमजोरी देखिएको कारणले विषयको बारेमा अनुसन्धान उति नपाइएको कारणले नै यो शीर्षक समस्या बनेको हो । यसै समस्यामा केन्द्रित रहेर निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा अंग्रेजी विषयको उपलब्धिस्तर विषयमा केन्द्रित रही यो अध्ययन गरिएको छ ।

## १.३.अध्ययनको औचित्य

नेपालमा सामुदायिक विद्यालयमा ज्ञान हासिल गर्ने विद्यार्थीहरुको संख्या संस्थागत विद्यालयको तुलनामा अत्याधिक रहेतापनि उपलब्धि र उत्तीर्णदरको विचमा भने डरलाग्दो खाडल रहेको प्रष्ट देखिएको छ । यी दुवै संस्थाहरुले आ-आफ्नै प्रकृयाहरु र विधिहरु प्रयोग गरि शिक्षण गरेको भएता पनि नेपाली , गणित , अंग्रेजी जस्ता अनिवार्य विषयहरुमा सामुदायिक विद्यालयमा विद्यार्थीहरुको उपलब्धिस्तर न्यून देखिएवाट सामुदायिक विद्यालयमा भएका कमी कमजोरीहरु, आर्थिक,सामाजिक, साँस्कृतिक पक्ष तथा भाषिक कठिनाई जस्ता पक्षहरु केलाई अंग्रेजी विषयको निम्न माध्यमिक तहको परीक्षामा औसत उपलब्धिस्तर उकास्न र भाषिक र शैक्षिक उद्देश्यहरु मध्ये सामान्य वोलचाल अंग्रेजी भाषामा गर्न सक्ने क्षमता विकास गर्ने भन्ने उद्देश्य पूरा गर्न नसकेको अवस्था छ ।

विद्यार्थीहरुको अंग्रेजी विषयप्रतीको चाख कमी हुने कारण तथा समस्याको पहिचान गरी उक्त समस्याको समाधानको उपायहरु विद्यार्थीहरु, अभिभावक, प्र.अ. विषय शिक्षकहरुलाई सुझाउन तथा औषत उपलब्धि स्तरको लेखाजोखा, व्याख्या र विश्लेषण गरी

सत्य तथ्य पत्ता लगाउन र आगामी दिनहरुमा अन्य अनुसन्धान कर्ताहरुलाई पनि था जानकारी प्राप्त गरी सोध गर्न सजिलो हुने भएकाले यस विषयमा रहेर अनुसन्धान कर्ताहरुलाई पनि थप जानकारी प्राप्त गरी बोध गर्न सजिलो हुने भएकाले यस विषयमा रहेर अनुसन्धान गुर्न परेको हो । यस सोध पश्चात विद्यार्थीहरुका अभिभावकहरुले थोरै भएपनि आफ्ना बालवालीकाहरुलाई पढाइमा संलग्न हुने समय पठाउने र अंग्रेजीको क्षेत्रमा महत्व र औषत उपलब्धिस्तर गर्ने भएवाट यस अध्ययनको महत्व पुष्टि भएको छ ।

विविध पृष्ठ भूमिवाट आएका वालवालिकाहरुको मनोविज्ञान वुझेर , कुन विधिवाट शिक्षण गर्दा वढी उपलब्धिस्तर तथा गुणस्तरमा सुधार हुन्छ भनेर शिक्षा मन्त्रालय , जिल्ला शिक्षा कार्यालय , शिक्षाविद् , विद्यालय निरिक्षक ,स्रोतव्यक्ति शिक्षक , विद्यालय प्रधानाध्यापक , शिक्षकहरु , अभिभावक , विद्यार्थीहरु तथा सम्पूर्ण सरोकारवालाहरुको व्यवस्थापन पक्ष वारेमा यस अघिका शोधकर्त्ताहरुले अध्ययन गरेता पनि अंग्रेजी विषयको यस विधामा उति अनुसन्धान भएको नपाईएकोले भविष्यमा यस विषयमा अध्ययन गर्न चाहने शोधकर्ताहरु लाई समेत यसले सहयोग पुग्ने छ साथै सरोकारवाला पक्षहरुलाई दिर्घकालीन योजनामा सहयोगी हात बढाउने र यस परीक्षाको उपलब्धिस्तर अंग्रेजी विषयमा वढाउन मद्दत गर्ने भएकोले यसको औचित्य पुष्टि भएको छ ।

## १.४ अध्ययनका उद्देश्यहरु

यस अध्ययनका उद्देश्यहरु देहाय बमोजिमका रहेका छन् :

(१) सामुदायिक विद्यालयको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा अंग्रेजी विषयको उपलब्धिस्तरको अवस्था पत्ता लगाउनु ,

(२) निम्न माध्यमिक तहको अंग्रेजी विषयको उपलब्धि स्तरलाई प्रभाव पार्ने तत्वहरुको खोजि गर्नु ,

(३) नि.मा.शि.उत्तीर्ण परीक्षामा अंग्रेजी विषयको उपलब्धिस्तर देखा परेका समस्याहरु लाई प्रभावपार्ने तत्वहरु खोजी गर्नु, र

(४) नि.मा.शि.उत्तीर्ण परीक्षामा अंग्रेजी विषयको उपलब्धिस्तर सुधार गर्ने उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनमा निम्न लिखित अनुसन्धानात्मक प्रश्नहरु रहेका छन् :

(१) निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा विद्यार्थीहरुको अंग्रेजी विषयमा सैद्धान्तिक परीक्षाको औसत प्राप्ताङ्क कति छ ?

(२) नि.मा.शिक्षा उत्तीर्ण परीक्षामा उत्तीर्ण प्रतिशत कति छ ?

(३) विगत ५ वर्ष देखि हालसम्मको उत्तीर्ण दरको प्रवृत्ति कस्तो छ ?

(४) अंग्रेजीको उत्तीर्ण उपलब्धिस्तर वृद्धि गर्न के-के कदम चालिएका छन् ?

(५) आफ्ना वालवालिकाको शैक्षिक उपलब्धि सम्वन्धमा अभिभावकहरुको कस्तो धारणा रहेको छ ?

(६) अंग्रेजीको उपलब्धि सुधारमा अवरोध ल्याउने बाधक तत्वहरु के-के छन् ?

## १.६ अध्ययनको परिसीमा

झापा जिल्लाका सबै सामुदायिक विद्यालयहरु अवलोकन तथा भ्रमण गर्न अलिक समयको पाबवन्दिका कारणले एउटा मात्र स्रोतकेन्द्र टाघनडुब्बा, क्षेत्रवाट २१ वटा सामुदायिक विद्यालयहरु मध्ये ५ वटा लाई यसका कक्षा ८ का विद्यार्थीहरु, प्र.अ., विषय शिक्षकहरु र यस अध्ययनको परिसिमामा राखिएको छ ।

यस अनुसन्धानले सिमित समय , स्रोत तथा साधनहरुका कारणले गर्दा झापा जिल्ला अर्न्तगत पर्ने टाँघनडुब्बा श्रोत केन्द्रका गाँउ विकास समितिहरु शरणामति , टाँघनडुब्बा र कुमरखोदका ५ वटा विद्यालयहरुलाई नमुना छनौट गरी अध्ययन गरिएको छ । जसमा शैक्षिक शत्र २०६८ देखि शैक्षिक सत्र २०७२ सम्मको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा( कक्षा ८ )को अंग्रेजी विषयको शैक्षिक उपलब्धिको अवस्था नजिता विश्लेषण गरिएको छ । नमुना छनौट गरिएका विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरु, उनीहरुका अभिभावकहरु ,

कक्षा ८ का विषय शिक्षकहरु , प्रधानाध्यापक तथा स्रोत शिक्षकसम्मलाई मात्र यस अध्ययनमा गरिएको छ । शैक्षिक उपलब्धिस्तर अन्तर्गत औसत प्राप्ताङ्क र उत्तीर्ण दरको मात्र गणना गरिएको छ । औसत प्राप्ताङ्क र उत्तीर्ण दर शैक्षिक सत्र २०६८ दखि २०७२ सम्मको विवेचना गरिएको छ । यसको निष्कर्षलाई अन्य क्षेत्रमा सामान्यीकरण गर्न सकिन्न

# परिच्छेद दुई

# सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनारावलोकन

नेपालमा औपचारिक शिक्षा प्रणाली अन्तर्गत पर्ने निम्न माध्यमिक उत्तीर्ण परीक्षामा सामेल विद्यार्थीहरुको उपलब्धिस्तर धेरै राम्रो नपाइएकोले त्यसमा पनि अंग्रेजी विषय तर्फ प्रयोगात्मक प्राप्ताङ्कको भरमा मात्र केहि सन्तोषजनक उत्तीर्णदर पाईए वाट पनि यस विषयको उपलब्धि मध्यम तथा न्यून नै पाईएतापनि यस सँग सम्वन्धित त्यति धेरै अनुसन्धान भएको पाईएन । तर्सथ झापा जिल्लाको हकमा मात्र नभई समग्र देशकै अंग्रेजी विषयको उपलब्धिस्तरलाई यस अनुसन्धानमा उजागर गर्ने प्रयास गरिएको छ ।

प्रस्तुत शिर्षकको शोधलाई अगाडी वढाउन यस तहको सम्वन्धित विषयको अनुसन्धानको लागि अन्य अनुसन्धान कर्ताहरुको कृतिहरुको सहयोग लिएर निम्न माध्यमिक उत्तीर्ण परीक्षाको अंग्रेजी विषयको सम्वन्धित तथ्याङ्कहरु , रिपोर्ट तथा नतिजाहरु विविध माध्यमवाट संकलन गरी लेखन गरिएको छ ।

कार्की (२०६६) का अनुसार निम्न माध्यमिकतहको उत्तीर्ण परीक्षामा अंग्रेजी विषयको उपलब्धिस्तर वढाउन कक्षा ८ का वालवालिकाहरुलाई छात्रवृत्ति वाहेक अन्य प्रोत्साहनको कमी देखिन्छ, तसर्थ अंग्रेजी विषयको शिक्षाक्षेत्रमा अपनत्वको विकास स्थानिय स्तरका कम रहेको देखिन्छ । विद्यालयको सुधार योजना अन्तरर्गत प्रधानाध्यपकले अंग्रेजी विषयप्रतिको सुधार योजना र चासो कम राखेको पाइयो । विद्यालयको यथार्थ स्थिति आम अभिभावक र सरोकारवालाहरु विच जानकारी दिई व्यापक अन्तरक्रिया, छलफल र राय सुझावको आधारमा शिक्षण कला र कक्षामा योजना अनुसारको काम नभएको पाइयो । अंग्रेजी अन्तराष्ट्रिय सञ्चारको प्रमुख भाषा हो भन्ने धारणा र ज्ञान विद्यालय व्यवस्थापन समिति, आम अभिभावक, शिक्षक, बिद्यार्थी र स्वयम प्रधानाध्यापक समेतलाई पर्याप्त मात्रामा नभएको देखिन्छ । बिद्यालयको चौतर्फी बिकासका साथ साथै शैक्षिक उपलब्धि स्तर बृद्धि गर्न सरोकारबाला आम अभिभावकहरु, शिक्षा प्रेमि, विद्यार्थीगण तथा शिक्षकहरुमा प्रमुख आवश्यकताको पहिचान गरेर योजना नबनाएको देखियो । बिद्यालयको स्पष्ट दृष्टिकोण र सो अनुसारको उद्देश्य र उद्देश्यानुसारको कार्यक्रमहरु  बिच आपसी तालमेल कम भएको

पाइयो । उपलब्धिस्तर ५१% वाट माथी उकास्न विद्यालय शिक्षकहरु,सरोकारवालाहरुको सक्रिय सहभागिता तथा श्रव्यदृस्य सामाग्रीहरुको प्रयोगको कमी रहेको देखिएको छ ।

संग्रौला (२०६६) का अनुसार अंग्रेजी विषयको आवश्यकता र आजको अपरिहार्यता बारे जनमानसमा जनचेतनाको कमी भएबाट अंग्रेजी विषयको महत्व नेपालका गाम्रिण क्षेत्रहरुसम्म फैलाउने शिक्षकहरु, अभिभावकहरु, सरोकारवालाहरु,आम बिद्यार्थी संचार माध्यमहरु, बुद्धिजिवी र विशेष बिद्यालय सँग प्रत्यक्ष सरोकारवाला व्यक्तिहरुको बढि चासो र सक्रियताको आवश्यकता रहेको कुरा उल्लेख गरिएबाट शिक्षाको महत्व बढ्न गएको देखिन्छ । सरकारले हरेक सामुदायिक बिद्याालयहरुमा अंग्रेजी माध्यमको सुरुवात गर्न बढि प्रोत्साहित गरेको र थुप्रै नमुना बिद्यालयहरुको रुपमा संचालन भइसकेको तथ्य पाइएको छ । विद्यालयका समस्याहरुलाई थोरै मात्रामा भएपनि उजागर गर्ने प्रयतन गरेको पाइयो विद्यालय व्यवस्थापन समितिलाई केहीमात्रामा भएपनि विद्यालय प्रति जबाफदेही बनाएको पाइयो । स्थानीय स्रोत, साधनहरुको अधिकतम खोजी गरी परिचालन गर्नकालगी मार्ग निर्देशन गरेको पाइयो । विद्यालय हाम्रोहो भन्ने भावनाको विकास विगत भन्दा बढी जागेको पाइयो । प्रत्येक विद्यालयको ऐतिहासीक दस्तावेजको आधारमा विद्यालय सुधार योजनाको निर्माण भएको पाइयो ।

दाहाल (२०७२) को अध्ययन निष्कर्षअनुसार अंग्रेजी पढाउने सरल र मनोरञ्जनात्मक शैलीका साथै सरलीकरण गरी जिवन्त सिकाई गरेको कमपाइयो । विद्यार्थीहरुलाई जिज्ञासु बनाउँदै समस्या समाधानमा अग्रसर हुन हौसला प्रदान गरेको पाइयो । बालमनोविज्ञान अनुसार सिकाई क्रियाकलाप गरेको पाइयो । कक्षा सहभागितामा जोडदिई रोचक र प्रयोगात्मक प्रस्तुतीमा जोड दिएको पाइयो । अंग्रेजी अफठ्यारो विषय होइनभनी विद्यार्थीलाई मित्रवत व्यवहार गरी अन्तरक्रियात्मक शैलीमा शिक्षण गरेको पाइयो । समुह विभाजन गरी सहभागीलाई छलफल र प्रश्नोउत्तर विधिको प्रयोग गरी सरल सम्वादको माध्यमवाट विद्यार्थीको रुची अंग्रेजी प्रति पढेको पाइयो ।

अंग्रेजी विषय अन्तर्राष्ट्रिय भाषिक विषय बस्तु भएको र यसको विश्व बजार ज्यादै द्रुत गतिमा विस्तार भएसंगै क्षेत्रपनि विस्तार हुदै गएको वखतमा हाम्रो देशका अधिकांश ग्रामिण क्षेत्रहरुमा भने अंग्रजी एक कठिन विषयवस्तु भइरहेको यसवाट यसको उपलब्धिस्तर सुधार्न नित वटै तहवाट पहल कदमी हुनु जरुरी देखिएको तथ्य विभिन्न विद्यार्थीका

अभिलेखहरु, मार्कलेजर तथा प्रगती विवरणले प्रष्ट्याएको छ । अवलोकनको क्रममा केही विद्यालयहरुमा केही विद्यार्थीहरुले आफ्नो नाम र विद्यालयको नाम लेख्न नसकेको वाट पनि प्रष्ट हुन्छ (शिक्षा विभाग, २०७१) ।

अंग्रेजी विषयको महत्व नेपालका गाम्रिण क्षेत्रहरुसम्म फैलाउने शिक्षकहरु, अभिभावकहरु, सरोकारवालाहरु,आम बिद्यार्थी संचार माध्यमहरु, बुद्धिजिवी र विशेष बिद्यालय सँग प्रत्यक्ष सरोकारवाला व्यक्तिहरुको बढि चासो र सक्रियताको आवश्यकता रहेको कुरा उल्लेख गरिएबाट शिक्षाको महत्व बढ्न गएको देखिन्छ । सरकारले हरेक सामुदायिक बिद्यालयहरुमा अंग्रेजी माध्यमको सुरुवात गर्न बढि प्रोत्साहित गरेको र थुप्रै नमुना बिद्यालयहरुको रुपमा संचालन भइसकेको तथ्य पाइएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाकाहरु

प्रस्तुत अध्ययनलाई प्रसिद्ध अमेरिकी मनोवैज्ञानिक एंवम शिक्षाविद् अब्राहम मास्लो द्वारा सन् १९४३ मा प्रतिपादित उत्प्रेरणा सम्वन्धि सिद्धान्तलाई आधार मानी लेखनकार्य अगाडि बढाइएको छ ।

यस सिद्धान्तका प्रतिपादक प्रसिद्ध अमेरिका मनोवैज्ञानिक तथा शिक्षाविद् अब्राहम मास्लो हुन । उनले यो सिद्धान्त सन् १९४३ मा प्रतिपादन गरेका थिए । यसै सिद्धान्त अनुसार सिकारु (विद्यार्थी) प्रथम तहको आवश्यकता पूर्तिका लागि उत्प्रेरित हुदै जान्छ । सिकारुमा पुरस्कार र प्रंशसा दिएर उनीहरुलाई कार्य गर्न सवल पार्नु तथा उत्साहित वनाउदै लैजानु यस सिद्धान्तको मूल उद्देश्य हो । यसवाट सिकारुले उच्च मनोवलकासाथ सफल रुपमा सिकाई गर्न सक्छ र उच्च उपलब्धि हासिल गर्न सक्छ । नेपाल गाउँ वस्तीहरुले भरिएको मुलुक भएको हुनाले ग्रामिण भेगका जनता गरिवी तथा आर्थिक संकटका कारण शिक्षाप्रति अझै चेतनाको कमी भएको प्रतित हुन्छ । अभिभावकहरुलाई गाँसको समस्याले पिरोलेका कारणले उसले शिक्षाप्रति सोच्न सकिरहेको हुदैन । शिक्षा प्रति घरायसी वातावरण र गरिवीले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । नेपालको शैक्षिक प्रणाली पुरानो शिक्षणशैली शिक्षक केन्द्रित विधिवाट चलेको र प्रभावकारी सिकाई गर्न पर्याप्त शैक्षिक सामाग्रीहरु युग सापेक्ष नभएका कारण पुरानो शिक्षणशैलीवाट अंग्रेजी अध्यापन गर्न र गराउन असहज त छदैछ त्यसमा उपलब्धिस्तर न्यून हुनु पनि त्यसैको परिणाम हो । ICT Materials को प्रयोग तथा योजनावद्ध सिकाई कार्यबाट असक्त ,गरिव तथा कमजोर

विद्यार्थीहरुको लागि विशेष ध्यान पुग्नु सबैको सरोकारको विषय हुन गएको छ । अंग्रेजी विषयको विश्व व्यापकता र वढ्दो वजारले यसको महत्व दिनानुदिन वढी रहेको छ ।

यस अनुसन्धानको विषयवस्तुलाई अगाडी बढाउन, मार्ग दर्शन गर्नुका साथै लेखनकार्यमा स्रोतहरु, तथ्यहरु जुटाउन र शैद्धान्तिक रुपमा सिकारुमा आधारभूत आवश्यकतको पूर्ति विना सिकाई सहज नहुने हुनाले सिकारुका आधारभूत आवश्यकता परिपूर्तिमा विशेष महत्व दिएका छन् । यसै सरोफेरोमा रहेर सर्वशुलभ तथा उपयोगी शिक्षानीति तथा प्रयाप्त शैक्षिक सामग्री र उत्तम शिक्षण कौशलले मात्र अंग्रेजीको उपलब्धि स्तर बढ्न सक्दछ भन्ने चिन्तनको आधारमा यस अध्ययनको खाकाको रुपमा लिईएको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

यस अध्ययनकालागि पुनरावलोकन गरिएका सम्बन्धित साहित्यहरु, सोधपत्र, जर्नल, लेख आदिले आफ्नो अध्ययनको शिर्षकको अध्ययन बिधि खोजी गर्न, तथ्यांक विश्लेषण प्रक्रिया उल्लेख गर्न र निष्कर्ष निकाल्न मार्ग निर्देशन गरेको छ । उल्लेखित साहित्यहरुले उजागर गर्न नसकेको समस्याहरुलाई अगाडि ल्याउन यस अध्ययनलाई मदत पुगेको छ । अब्राहम मास्लोको उत्प्रेरणाको  सिद्धान्तले बिद्यालयमा प्रद्यानाध्यापक, शिक्षक र बिद्यार्थीहरुलाई शैक्षिक उपलब्धि स्तर बृद्धि गर्न सैद्धान्तिक आधार प्राप्त भएको छ ।

अंग्रेजी विषयको उपलब्धिस्तरलाई उकास्न शैक्षिक योजनाबद्ध शिक्षण गर्न सहयोग पुऱ्याएको छ । सामुदायिक विद्यालयहरुमा भएका कमजोरीहरु पत्ता लगाउन तथ्याङ्कहरुको संकलन गर्न , अवलोकन र भ्रमणबाट प्राप्त सुझाव र जानकारी तथा राय संकलन गर्न र प्रधानाध्यपकहरुसंग प्रत्यक्ष छलफल , अन्तरक्रिया गर्न सहयोग पुऱ्याएको छ ।

घरायसी समस्याका कारणले पढ्न नसकेको वालवालिकाहरु पनि केही समय पढाईमा खर्चन गर्ने बानी वसाल्न अभिभावकले प्रेरित गर्ने छन् र विविध समस्याहरुको पहिचान गरी शिक्षाविद्  विचारसँग , सिद्धान्तसँग , शिक्षकसँग , प्रधानाध्यापकसँग समन्वय गरी शिक्षण गर्नाले उपलब्धि स्तर वढ्न जाने हुनाले यस सोधलाई निस्कर्षमा पुर्‍याउन र उपलब्धिमूलक वनाउन सहयोग गर्ने र यस अनुसन्धानको विषयवस्तुलाई अगाडी बढाउन, मार्ग दर्शन गर्नुका साथै लेखनकार्यमा स्रोतहरु, तथ्यहरु जुटाउन र शैद्धान्तिक रुपमा सिकारुमा आधारभूत आवश्यकतको पूर्ति विना सिकाई सहज नहुने हुनाले सिकारुका

आधारभूत आवश्यकता परिपूर्तिमा विशेष महत्व दिएका छन् । सिकारुमा कुनै एक कूरा को पनि अभाव र समस्या भएमा सिकाइ उपलब्धिमूलक नहुने हुनाले स्रोत, साधन सम्पन्न बनाई शिक्षण गर्नु पर्ने र विद्यार्थीहरुलाई अभाव र चिन्तावाट टाढा राख्ने समेत यसले सुझाएको उपलब्धिस्तर पढाउने सहयोग उपादेयता पुष्टि हुन्छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

प्रस्तुत शिर्षकको अनुसन्धानको अध्ययन सर्वेक्षण विधिमा आधारित रहेको छ । यस अध्ययनका लागि परिमाणात्मक र गुणात्मक अथवा मिश्रित ढाँचा अवलम्वन गरिएको छ । तथ्याँकहरुको विश्लेषण गर्ने क्रममा विभिन्न अभिलेख तालिका चार्ट तथा वारग्राफ , चित्र आदिको प्रयोग गरी प्रस्तुत गरिएको छ ।  यस विषय सँग सम्वन्धित सरोकारवालाहरु सँगको अर्न्तवार्ता, प्रश्नावली र सर्वेक्षण माध्यमवाट प्राप्त तथ्य जानकारीलाई परिमाणात्मक रुपमा विश्लेषण गरिने छ । तत् पश्चात अनुसन्धान तथ्यहरु रहने गरी तयार र लेखन गरिएको छ ।

## ३.२ जनसङ्ख्या र नमुना

यो शोधमा अनुसन्धानको रुपमा झापा जिल्लाको सम्पूर्ण स्रोतकेन्द्रलाई कुल जनसंख्या मानी टाँघनडुब्बा स्रोतकेन्द्र अन्तरगतका जम्मा २१ ओटा सामुदायिक विद्यालयहरुमध्ये ५ वटा सामुदायिक विद्यालयको जम्मा विद्यार्थी संख्या र उपलब्धि स्तर वि.सं.२०६८ देखी २०७२ सम्मको संख्या र अंग्रेजी विषयको उपलब्धि स्तर तथा विषयगत उपलब्धिलाई लिएर अनुसन्धान गरिएको छ । जस अन्तरगत यी ५वटा विद्यालयको उपलब्धि स्तरको विश्लेषण गरिएको छ ।

यो अध्ययनको लागि टाँघनडुब्बा स्रोतकेन्द्र अर्न्तगतका ग्रामिण क्षेत्रका ५ ओटा विद्यालयहरु क्रमश श्री जनकल्याण माध्यमिक विद्यालय मदरगाछ, श्री सिमलवाडी नि.मा.वि.टाँघनडुब्बा-९ श्री कुवाडी देवी मा.वि.कुमरखोद,श्री डिल्लीराज उ.मा.वि टाँघनडुब्बा, र श्री भृकुटी नि.मा.वि.शरणामती रहेका छन् । उक्त विद्यालयका कक्षा ८ का विद्यार्थीहरु लाई कुल जनसंख्याको रुपमा लिइएको छ । यस अध्ययनमा उक्त ५ वटा विद्यालको पकड यसका ३ गा.वि.स. शरणामती , टाँघनडुब्बा र कुमरखोदका प्र.अ. विषय शिक्षकहरु ,अभिभावकहरु र विद्यार्थीहरुलाई जनसंख्याको क्षेत्र अन्तरगत समेटिएको छ ।

### ३.२.१. नमुनाको आकार

यो शोधमा अनुसन्धानको रुपमा झापा जिल्लाको टाघनडुब्बा स्रोतकेन्द्र अर्न्तगत रहेका २१ वटा सामुदायिक विद्यालयहरु मध्येवाट गोला प्रथाद्वारा नमुना छनौटमा परेका ५ ओटा विद्यालयका प्र.अ. ५ जना सम्वन्धित तहका शिक्षकहरु १० जना, अभिभावक १० जना , स्रोत व्यक्ति १ जना तथा विद्यार्थीहरुलाई अध्ययनको लागि नमुना प्रतिनिधीका रुपमा छनौट गरिएको छ । निश्चित समय र कम जनशक्ति विच कार्य गर्नुपर्ने हुदाँ स्रोतकेन्द्रका सम्पूर्ण विद्यालय, प्र.अ. , शिक्षक, अभिभावक, विद्यार्थी नमुना छनोट गर्दा बढी समय लिने तथा पर्याप्त समय र सहि विवरण प्राप्त गर्न कठीन हुनेहुनाले केवल ५ वटा सामुदायिक विद्यालयहरु टाघनडुब्बा स्रोतकेन्द्र अन्तर्गत वाट नमुनाको रुपमा लिइएको हो । शोधकर्ताको समय, साधन र स्रोतको सीमितताका कारणले गोला प्रथाद्वारा टाघनडुब्बा स्रोतकेन्द्र अन्तर्गतका ५ ओटा विद्यायल छनोट गरिएको हो । सबै खाले विद्यालय समेटेर अध्ययन गर्न ३ ओटा मा.वि. र २ ओटा नि.मा.वि. नमुना छनौट गरिएको हो । यसमा टाघनडुब्बा स्रोतकेन्द्रका ५ वटा विद्यालयहरुको विद्यार्थी संख्या, शिक्षकहरु, अभिभावकहरु तथा सरोकारवाला पक्षलाई जनसंख्या भित्र समेटिएको छ । उक्त विद्यालयहरु गोलाप्रथाद्वारा छनौट गरिएको हो ।

### ३.३ तथ्याङ्कको श्रोतहरु

यो अध्ययनका लागि तथ्याङ्कका प्राथमिक र द्बितिय दुवै स्रोतलाई प्रयोग गरिएको छ । जसमा निम्न बमोजिमका स्रोत र साधनहरु संकलन गरी प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तरगत सर्वेक्षण , प्रश्नावली  र अन्तर्वार्तालाई प्राथमिक स्रोतको रुपमा लिईएको छ तथा नमुना छनौटमा परेका विद्यालयका अभिलेखहरु , हाजिर वही , परीक्षाफल वही, स्रोतकेन्द्रका अभिलेख , रिपोर्ट आदि लाई द्बितिय स्रोतको रुपमा प्रयोग गरिएको छ ।

### ३.३.१. प्राथमिक स्रोतहरु

यस प्राथमिक स्रोत अन्तरर्गत सर्वेक्षणफारम , प्रश्नावली  र अन्तर्वार्ता आदिलाई प्राथमिक स्रोतको रुपमा लिईएको छ ।

### ३.३.२. द्वितिय स्रोतहरु

यस नमुना छनौटमा परेका विद्यालयका अभिलेखहरु , हाजिर वही , परीक्षाफल वही, स्रोतकेन्द्रका अभिलेख , रिपोर्ट आदिलाई लिएको छ ।

## ३.४ तथ्याङ्क संकलनका स्रोत तथा साधनहरु

प्रस्तुत शोधकार्यलाई सरल वनाउन तथ्याङ्क संकलनका लागि निम्न साधनहरु प्रयोग गरिएका छन् ।

**३.४.१ सर्वेक्षण** : तथ्यङ्क सर्वेक्षण संकलनका क्रममा नमूना छनौटमा परेका पाँच वोटै विद्यालयहरुका प्र.अ. विद्यार्थीहरु र विषय शिक्षकहरु संग स्थलगत भ्रमण गरी सर्वेक्षण फारम भराएर शिक्षक, प्र.अ. तथा विद्यार्थीहरुसंग छुट्टा-छुट्टै रुपमा फारमहरु भरिकन संकलन गरिएको छ । उक्त फारमहरुमा छुट्टा - छुट्टै बुदाँ र उदेश्यहरुमा रहेर सर्वेक्षण गरिएको थियो । सर्भेक्षण फारमको नमुना अनुसूची १ मा राखिएको छ ।

**३.४.२ अन्तरवार्ता** : यसकार्यको लागि प्रत्येक नमुना छनोटमा परेका विद्यालयहरुका प्र.अ., शिक्षक, अभिभावक तथा विद्यार्थी संग प्रत्यक्ष रुपमा प्रश्नावली भराई अन्तर्वार्ता लिइएको छ । अन्तर्वार्ता प्रश्नावलीको नमुना अनुसूची २ मा राखिएको छ ।

**३.४.३ प्रश्नावली** : यसै गरी यस कार्यका लागि पनि प्रश्नावली अलग अलग बनाई विद्यार्थी, अभिभावक र शिक्षकलाई प्रश्नावली भराइएको छ । प्रश्नावलीको नमुना अनुसूची ३ मा राखिएको छ ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

यो शोधकार्यका उद्देश्यका आधारमा तथ्याङ्क संकलनका लागि शोधकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई भ्रमण र अवलोकन गरी वास्तवविक अवलोकन गरी वास्तविक र तथ्यपरक तथ्याङ्क संकलन गरिएको छ । शैक्षिक तथ्याङ्क फारम प्रयोग गरी वास्तविक तथ्याङ्कका लागि ब्यक्तिगत तत्याङ्कका लागि व्यक्तिगत प्रश्नावली प्रयोग गरिएको छ । व्यक्तिगत प्रश्नावली छनौटमा परेका सामुदायिक विद्यालयहरुका प्र.अ. विषय शिक्षक सो तहका शिक्षकहरु र विद्यार्थीहरु र सम्भव भए सम्म अभिभावकहरुसँग सामुहिक र ब्यक्तिगत अन्तरक्रिया गरी आवश्यक तथ्याङ्क एंवम सूचना र जानकारी लिईएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

अध्ययन क्षेत्रवाट संकलित तथ्याङ्कलाई आवश्यकतानुसार वेग्ला वेग्लै तालिकामा राखी प्रतिशत रेखा चित्र तथा वृत चित्रका माध्यमवाट तथ्यांकीकरण गरिएको छ । कक्षा ८ को जिल्लास्तरीय परीक्षा (निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा ) को मार्क लेजरबाट प्राप्त प्राप्ताङ्कको आधारमा गुणात्मक शैलिमा औसत प्राप्ताङ्क निकाली स्रोत केन्द्रस्तरीय औसत प्राप्ताङ्क ४६.२४ र जिल्लास्तरीय औसत प्राप्तांक ५२.२५ लाई ५ वटै नमुना छनौटका विद्यालयहरुको औसत अंकसंग उपलब्धि स्तरलाई तुलना गरिएको छ ।

# परिच्छेद चार

# नतिजाको विवेचना

यो अध्ययनमा मुख्य गरेर अभिलेखहरुको अध्ययन निम्न माध्यमिक तह उत्तीर्ण परीक्षाको उपलब्धि तथा वार्षिक प्रगती विवरण प्रत्यक्ष अवलोकन प्रश्नावली विविध तथ्याङ्क, लेखहरु , हस्तलेख, रजिष्टर , अन्तरवार्ता र सरकारवालाहरुसँगको भेद र छलफलबाट स्रोत केन्द्रको अभिलेख , स्रोत , जि.शि.का को अभिलेख आदिका माध्यमबाट प्राप्त गरिएको तथ्याङ्कलाई गुणात्मक विर्तिया परिमाणात्मक विक्रि आवश्यकता अनुसारको तालिकाको माध्यमबाट प्राप्त भएको सत्य तथ्याङ्कलाई विश्लेषण र भाविक व्याख्या गरिएको छ । तालिका, स्तब्भ चित्र र वृत चित्रको माध्यमबाट नमुना छनोटमा परेका पाँच ओटा विद्यालयहरुको अभिलेख अध्ययन गरि छोटकरिमा सम्पूर्ण तथ्यलाई विश्लेषण गरिएको छ । जसमा ५ वर्षको (२०६८-२०७२) सम्मको नमुना छनोटमा परेका विद्यालयहरुको तथ्याङ्कलाई विविध माध्यमबाट व्याख्या र विश्लेषण गरिएको छ , जून तथ्याङ्क प्रत्यक्ष सरोका्र राख्ने संस्था व्याक्ति प्रधानाध्यपक शिक्षक विधार्थी अभिभावक विधालय व्यवस्थापन समतिका पधारिकारिबाट प्रश्नावालीका अन्तवार्ताबाट रायसुझाव संकलन गरिएको थियो । उक्त तथ्याङ्कलाई सरल र सहज पार्न आवश्यकतानंसारको चार्ट तालिका वा स्तम्भ चित्रको माध्यमबाट विश्लेषण गरिएको छ ।

## ४.१ निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा अङ्ग्रेजी विषयको उपलब्धिस्तर

अंगेजी विषयको उपलब्धिस्तरको वर्तमान अवस्थालाई मूल्याङ्कन गर्दा निम्न माध्यामिक उत्तीर्ण परीक्षाको उपलब्धिस्तरकोृ अवस्थालाई विश्लेषण गर्दा सामुदायिक विद्यालयहरु संस्थागत विद्यालय भन्दा धेरै पछाडि परेको देखिन्छ । यसमा पनि अंगेजी र गणित विषयहरुमा त झनै गहिरो खाडल देखिएको छ । विशेषत यस अध्ययनमा सामुदायिक विद्यालयको विगत र वर्तमान अवस्थालाई गुणात्मक र परिमाणात्मक विधिबाट व्याख्या र विश्लेषण गरिएको छ ।

नमुनामा छनोट भएका पाँच वटा सामुदायिक विद्यालयहरुको स्थलगत भ्रमण र अवलोकन , अन्तरवार्ता छलफल तथा प्रश्नावली र विविध अभिलेखबाट हस्तलेखन वा प्रमाणित तथ्यको प्रति संकलन पश्चात यि तथ्याङ्कहरु विभिन्न माध्यम तालिकीकरण

वारचित्र , वृतचित्र आदिको माध्यमबाट प्रस्तुत गरिएको छ । अवलोकनको क्रममा सम्बन्धित विद्यालयका प्रधानाध्यक ज्यू , शिक्षकहरु , विषय शिक्षक व्य.सं का अध्ययन पि . टि .संयोजक , अभिभावक ज्यूहरु , विद्यार्थीहरु तथा स्रोत शिक्षक ज्यूबाट समेत विवरण तथा राय सुझाव लिएको थियो । जुन तथ्याङ्कलाई सजिलोसँग सरल तरिकाबाट उक्त उपलब्धि प्रगति विवरणलाई तालिकाबद्ध गरि विश्लेषण र व्याख्या गरिएको छ ।

## ४.१.१. निम्नमाध्यमिक तहको अंग्रेजी विषयको उपलब्धिस्तर

तालिका १ नमुना छनौटका विद्‌यालयका विगत ५ वर्षको उत्तीर्ण दर (प्रतिशत)

| विद्‌यालयको नाम | २०६८ | २०६९ | २०७० | २०७१ | २०७२ |
|---|---|---|---|---|---|
| श्री डिल्लीराज उ. मा. वि. | ४४ | ४५ | ४१ | ४० | ४५ |
| श्री कुवाडी देवी मा. वि. | ५० | ५१ | ५२ | ५० | ५० |
| श्री सिमलवाडी नि.मा.वि. | ४७ | ४६ | ४७ | ४८ | ५३ |
| श्री भृकुटी नि. मा.वि. | ४८ | ५३ | ५२ | ५३ | ६० |
| श्री जनकल्याण मा. वि. | ४३ | ४५ | ४८ | ५० | ५२ |

स्रोतः विद्‌यालय अभिलेख तथा प्रगती विवरण २०७२

तालिका १ ले नमुना छनोटका ५ वटा विद्यालयहरुको विगत ५ वर्षको उत्तीर्ण दर (प्रतिशत) देखाएकोछ । नि.मा तह उत्तीर्ण परीक्षामा अंग्रेजी विषयको उपलब्धिस्तर यो भन्दा अगाडिको कुनै शोध यस क्षेत्रबाट नगरेको हुनाले यसलाई बढि महत्वपूर्ण र अर्थपूर्ण बनाउनको लागि सबै सरोकारवालाहरुसँग प्र.अ सँग र स्रोतकेन्द्र तथा जि.सि.का को बुलेटिन , शिक्षक मासिक तथा अन्य अभिलेखबाट सहयोग तथा साभार गरि ति विवरण र तथ्याङ्कलाई व्याख्या र विश्लेषण गरिएको छ ।

सबै नमुना छनोटमा परेका विद्यालयमा प्रगति विवरण पाइएता पनि अपुरो र अव्यवस्थित पाएकोबाट पनि प्रष्ट हुन्छ कि अभिलेख र तथ्याङ्क ०७१/०७२ को मात्र सहि र स्पष्ट तरिकाले राखिएको पाइएको छ । सबै विद्यालयहरुमा अभिलेखहरु ०७१/०७२ बाहेक अन्य रेकर्ड खोज्ने धेरै समय लाग्ने र अपुरो विवरण तथा दव्यार लाग्दो जम्वो फाइल भेटिएवापत पनि तथ्याङ्क संकलनमा समस्याहरु देखिएका छन् । धेरै जसो समस्या एकै खालका पाइएका छन् ।

तालिका १ अनुसारको पाचँ वटा विद्यालयहरुको अंग्रेजी विषयको मात्र उपलब्धि प्रतिशतलाई देखाइएको छ । यि सवै विद्यालयहरुको अंग्रेजी विषयको औसतउपलब्धि स्तर मिल्दो जुल्दो र एकै खाले न्यून % उपलब्धि हासिल गरेको देखिएको छ । यो तालिकाबाट विश्लेषण गर्दा श्री भृकुटी निम्न माध्यमिक विद्यालय शरणामति ४ को उपलब्धिस्तर सवै भन्दा उच्च देखिएको छ तथापी यो ६०% वा अन्य विद्यालयहरुको उपलब्धि धेरै कम वा तल देखिएको छ जुन सन्तोषजनक नरहेको प्रष्ट देखिएको छ ।

विद्यालयहरुको सवैतिर निर्धारण गरेको दुरदृष्टि र उद्देश्यहरु आवश्यकता अनुसार निर्धारण र कक्षा व्यवस्थापन गर्न नसकेकोले पनि निम्न माध्यमिक तह उत्तीर्ण परीक्षाको औसतउपलब्धिस्तर केही सामुदायिक विद्यालयहरुको तुलनामा कम र केहीको तुलनामा बढि देखिए तापनि विद्यार्थीको संख्या बढि र शिक्षक विद्यार्थी अनुपात नमिलेको शिक्षक अभाव आदि समस्या भएतापनि विद्यार्थीको उत्तीर्ण दर भने केही विद्यालयको धेरै राम्रो र केहीको भने सन्तोसजनक रहेको पाइएको छ ।

## ४.१.२ विद्यालय र सालअनुसार अङ्ग्रेजीको विषयगत औसत उपलब्धि

नमुना छनौट परेका पाँच वटा विद्यालयहरुमा २ वटा विद्यालयहरु श्री भुकुटी मा.वि. र श्री कुवाडी देवी मा.वि. बाहेक अन्य विद्यालयमा प्राय औषत अंक न्यून ४५ देखि ५४ को आसपासमा रहेको पाइएको छ । विषयगत औषत उपलब्धि कम हुनाका विविध पक्षहरु सर्वेक्षण, अवलोकन प्रश्नावली र अन्तरवार्तावाट प्राप्त सुझाव र बुदाँहरुवाट प्रष्ट भएको छ । प्राय जसो सबै विद्यालयहरुमा कृषि पेशागत परिवारवाट आएकाले पेशामा संलग्न हुने गरेका तथ्य पाइएवाट घरायसी कामकाजमा विद्यार्थीहरु प्रयोग भइरहेको अभिभावकहरुले स्वीकार गरेको पाइएको छ । विद्यालयहरुमा वढी विद्यार्थीहरु अनुत्तिणा हुनुमा विद्यार्थी संख्या बढी हुनु तथा कक्षा कोठा व्यवस्थापन कमजोरी नभएको पाइएको छ । केही विद्यालयहरुमा भने बसाई व्यवस्थापन राम्रो र औषत पनि ५५ देखि ६० सम्म रहेको पाइएको छ । तर पनि केहि साल देखि क्रमस थोरै भए पनि अंग्रेजीमा क्रमिक सुधार हुँदै गरेको यहाँका विद्यार्थीहरु आर्थिक श्रोत जुटाउन कृषि तथा घरायसी कामकाजमा प्रयोग भएको पाइएको छ । विद्यार्थीहरुले न्यूनतम आधारभूत आवश्यकता पुर्ति भएमा क्रमश पठन पाठनमा लाग्ने र विस्तारै उपलब्धिस्तर बढ्दै जाने हुनाले मास्लोको आवश्यकता पूर्तिको सिद्धान्त मेलखाने देखिन्छ । पाँच औटै विद्यालयको परिणम अध्ययन

गर्दा पाइएको तथ्यवाट पनि यो सिद्धान्त संग मेलखाएको देखिएको छ । अन्तत वास्तवमा हरेक विद्‌यार्थीहरु लाई आधारभूत आवश्यकता पूर्ति गर्न सकेको खण्डमा घरमा पढाइमा पढी समय संलग्न हुन सक्ने देखिन्छ ।

तालिका २ निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा परिणाम , २०६८

| विद्यालयको नाम | परीक्षामासामेल | उत्तीर्ण सङ्ख्या | उत्तीर्ण % | औसत उपलब्धि |
|---|---|---|---|---|
| श्री डिल्लीराज उ. मा. वि. | १३६ | १६६ | ८५ | ४४.२२ |
| श्री कुवाडी देवी मा. वि. | ५९ | ५९ | १०० | ५६ |
| श्री सिमलवाडी नि.मा.वि. | ५६ | ५९ | ८८ | ४४ |
| श्री भृकुटी नि. मा.वि. | ३० | २६ | ८७ | ४४ |
| श्री जनकल्याण मा. वि. | ५२ | ४१ | ७९ | ४३ |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

विद्यालयको विविध पक्षको व्यवस्थापन प्र.अ को सक्रियता तथा अभिलेख तथा प्रगति विवरण हेर्दा श्री कुवाडी देवी मा. विद्‌यालयको उत्तीर्ण % विगत २०६८ मा १००%, २०६९ मा १००% , २०७० सालमा ९६% रहेको पाइएको छ भने वि.स २०७१ सालमा १००% र गत २०७२ सालमा भने ९३% मा रहेको पाइएको छ । उसलाई श्री सिमलवाडी नि.मा.वि. ले नजिकै अंकमा पक्ष्याइरहेको पाइएको छ । अन्य विद्यालयको हकमा उपलब्धिस्तर सुध्रिदै गरेको देखिएको छ । सवै विद्यालयहरुको विद्यार्थीको उपलब्धिस्तर उकास्न सुचक तथा लक्ष्यहरु निर्धारण गरेको पाइएको छ । तिनीहरुले भर्ना संख्या ड्रप आउट , परीक्षामा सामेल , परीक्षामा उत्तीर्ण, अनुतिर्ण शिक्षक विद्यार्थी अनुपात शिक्षक तथा विद्यार्थीको औषतप्राप्तांक , विद्यार्थीको उपस्थित , कक्षागत उपलब्धिसुचकहरु उल्लेख गरेको छन् । सुचक र लक्ष्य निर्धारणमा सवै विद्यालय नपुगेको देखिन्छ साथै विविधकारणहरुले गर्दा उपलब्धि स्तर कम भएको पाइएको तथ्यले प्रष्ट पारेको छ ।

विद्यालयहरुको निर्धारण गरेको लक्ष्य बमोजिमको उपलब्धिस्तर नहुनु वा नपुग्नुमा वाध्य तथा आन्तरिक कारणहरु रहेका छन् । वाध्यकारण भन्नाले वि. स. २०७२ सालको भूकम्पीय असर तथा भौतिक र मानसिक क्षती र भारतीय नाकावन्धीलाई लिन सकिन्छ । यस वाहेक तराईको मधेषवादि आन्दोलनलाई लिइएको छ ।

आन्तरिक शरणहरुमा विद्यालयको भौतिक पक्षमा असर, विद्यार्थीको मानसिक तनाव, पराकम्पनको डर , पाढ्यपुस्तक समयमै नपुग्नु तथा शैक्षिक हडताल आन्दोलनको क्रमलाई विद्यालयको दैनिक पठनपाठनमा अवरोधजस्ता कारणहरु प्रमुख वाधक रहेका छन् । तथापी यि नमुना छनोटका विद्यालयहरुले सन्तोषजनक परिणाम दिएको देखिन्छ । गत सालको तुलनामा कमि आउनु यि तमान समस्याको बाबजुद राम्रो नतिजा मान्नु पर्दछ ।

वर्तमान शैक्षिक उपलब्धिस्तरको अध्ययन गरिए पश्चात् यसको उपलब्धिस्तर उकासन सकिने अवस्था देखिएको तर यसमा सबै पक्षियको सचेतनामुलक सहयोग र सहकार्य हुनु जरुरी देखिन्छ । अभिभावकज्यूहरुले विद्यार्थी तथा आफ्ना सन्तानको भविष्यप्रति चासो राखेर शैक्षिक लगानीतर्फ मेहनत गर्ने जागरुक हुनु पर्दछ भने विद्यार्थीहरुले कक्षाकार्य, गृहकार्य र पठनपाठनमा बढी समय दिनु पर्दछ पुनश्च शिक्षकहरुको भूमिका त अग्रणी र पथ प्रदर्शक एवम् प्रभावकारी शिक्षण कौशलयुक्त हुनु नै पर्दछ यसका साथ सरकारी अनुदान र लगानीको सही सदुपयोग समेत हुनु पर्दछ । सरकारी, प्रभावकारी अनुगमन तथा स्रोत र साधनको सहि परिचालन र कुशल प्रशासनको खाँचो देखिएको छ ।

नमुना छनौटमा परेका विद्यालयहरुको निम्न माध्यमिक तह उत्तिर्ण परीक्षाको प्रगति तथा उपलब्धिस्तर पहिचान र वृद्धिदर बढाउनका लागि अझ बढी अनुगमन र मूल्याङ्कनको अति आवश्यकता पर्दछ । अनुगमनका क्रममा भेटिएका र देखिएका कमी तथा कमजोरीलाई अनुगमनकर्ताले प्रभावकारी रुपमा वास्तविक स्थितिको मूल्याङ्कन गरी र समस्या भए औल्याइदिएर सच्याउनको लागि समेत योजनाबद्ध रुपमा लाग्न निर्देशन वा सुझाव नोट गरी दिएमा योजनाको कार्यान्वयनमा सहयोग पुग्दछ । तर सरकारी तवरबाट दुरदरारमा रहेका विद्यालयको भ्रमण र अवलोकन सुगम क्षेत्रको तुलनामा कम देखिएबाट र अनुगमन प्रक्रियाको स्पष्ट रुपमा उल्लेख नगरिएकोले यसको प्रभावकारिता र समग्र सामुदायिक विधालयको औसतउपलब्धिस्तर उकास्नमा शंका गर्ने ठाँउ रहेको देखिन्छ ।


विद्यालयहरुले अवलम्बन गरेको सरकारी नीति र छात्रवृत्ति, पोशाक, विद्यालय सुधार योजना निर्माण, भौतिक पक्ष आदि कुराम जोड दिइएको तर शिक्षाको गुणात्मक र परिमाणात्मक पक्षमा भने कमजोरी लुकेको पाइएको छ । कतिपय योजनाहरु महत्वाकांक्षी र कतिपय औमपचारिकतामा सिमीत रहेको पाइयो जसबाट शैक्षिक उपलब्धिस्तर उकास्न अझै कसरत र जागरुक हुन जरुरी देखिन्छ ।

अनुसन्धानका क्रममा सबै विद्यालयका विषय शिक्षकहरु, विद्यार्थीहरु र प्र.अ.लाई प्रश्नावली गराइसके पश्चात् सोही विद्यालय श्री डिल्लीराज उच्च माध्यमिक विद्यालय टावनडुब्बा ३, श्री भृकुटी निम्न माध्यमिक विद्यालय शरणामति ४, श्री जनकल्याण माध्यमिक विद्यालय शरणामति- ९ मदरगाछ, श्री सिमलबाडी निम्न माध्यमिक विद्यालय टाघनडुब्बा- ९ र श्री कुबाडीदेवी माध्यमिक विद्यालय कुमरखोँद- ७ को विगत ५ वर्षको वि.सं. २०६८ देखि २०७२ साल सम्मको निम्न माध्यमिक तह उत्तिर्ण परीक्षाको समष्टिगत सिकाई उपलब्धीस्तरलाई वर्गिकृत गरी तालिकीकरण गरेर तालिकाहरुका साथै स्तम्भचित्र, समय रेखा र वृत्त चित्रमा राखेर अंग्रेजी विषयको उपलब्धिस्तरको निचोड निकालेर र विश्लेषण गरीएको छ। ५०% भन्दा कमलाई सुधार्नु पर्ने र ५०% भन्दा बढीलाई ६०% लाई सन्तोषजनक वा सो भन्दा माथि नतिजालाई विश्लेषण गरी प्रस्तुत गरिएको छ । जुन तालिका, स्तम्भचित्र र वृत्त चित्र वा समयरेखाद्वारा तालिकामा देखाइएको छ ।

तालिका २ विश्लेषण गर्दा वि.सं. २०६८ सालमा ५ ओटा विद्यालयबाट निम्न माध्यमिक तह उत्तिर्ण परीक्षामा जम्मा ३३३ जना विद्यार्थी परीक्षामा सामेल भएकामा २९१ जनाले उत्तिर्ण गरेका थिए। उक्त परीक्षामा ८८% विद्यार्थी सफल भएका थिए। समग्रमा ३३३ जना विद्यार्थी मध्ये अंग्रेजीमा २९१ जनाले उत्तिर्ण गरेका थिए। उक्त सालको नतिजा राम्रो रहेको मान्नु पर्दछ। समग्रमा ५ वटै विद्यालयबाट अंग्रेजी विषयको उपलब्धिस्तर % रहेकोले सकारात्मक मान्न नसकिएको भन्नु पर्दछ।

प्रत्येक विद्यालयको नतिजा विश्लेषण गर्दा २०६८ सालमा श्री डिल्लीराम उच्च माध्यमिक विद्यालयबाट १३६ जन परीक्षामा सामेल भएकामा ११६ जना अथवा ८५% विद्यार्थीले उक्त परीक्षामा सफलता हासिल गरेका छन्। अंग्रेजी विषयको परिणाम ४४.२२% रहेकोले सन्तोषजनक देखिँदैन। श्री कुवाडी देवी माध्यमिक विद्यालयको नतिजा विश्लेषण गर्दा ५६ जना परीक्षामा सामेल भएका र ४९ जनाले उत्तिर्ण गरेका अथवा ८८% विद्यार्थी उत्तिर्ण भएका थिए। अंग्रेजी विषयको औसतभने अलिक फरक देखिएको छ।

चित्र १  २०६९ सालको निम्न माध्यमिक तह उत्तिर्ण परीक्षा नतिजाको स्तम्भचित्र




चित्र १ विश्लेषण गर्दा वि.सं. २०६९ सालमा ५ वटा विद्यालय वाट निम्न माध्यमिक तह वाट उत्तीर्ण परीक्षामा जम्मा ३५८ परीक्षामा सामेल भएकामा २९ जना विद्यार्थी निम्न माध्यमीक उत्तीर्ण परीक्षामा सफल भएका थिए उक्त चित्रले सबै भन्दा राम्रो नतिजा द्य बिद्यालयको सत प्रतिशत र अन्यको क्रमस कम हुँदै गएको देखिएको छ । ब विद्यालयको उत्तीर्ण ६५ प्रतिशत  रहेको र ऋ विद्यालयको ४३ प्रतिशत र म विद्यालयको ८० प्रतिशत रहेको तथा  विद्यालयको ८० प्रतिशत रहेको देखिएको छ ।

यो अध्ययनले पाँच वटा नमुना विद्यालयहरुको अंग्रेजी विषयको तुलनात्मक अध्ययन र विश्लेषण देखाएको छ जसमा उत्तीर्ण दर हेर्दा श्री कुवाडी देवी मा. वि. विद्यालयको नतिजा सत प्रतिशत रहेको पाइयो भने उक्त विद्यालयको विषय गत औसतउपलब्धि ५१ प्रतिशत रहेको देखिएको छ । यसैगरी श्री डिल्लीराज उ. मा. वि.विद्यालय को उत्तीर्ण प्रतिशत ७७ र विषय गत औसत ४४ प्रतीशत रहेको छ । श्री भृकुटी नि. मा.वि.विद्यालय  को उत्तीर्ण प्रतिशत ९६ र विषय गत उत्तीर्ण ५५ प्रतिशत रहेको छ भने  विद्यालयको उत्तीण प्रतिशत ८९ र विषयगत उपलब्धि ४७ प्रतिशत रहेको देखिन्छ । सिमलवाडी जनकल्याण मा.वि को उत्तीर्ण प्रतिशत ६५% औषत अंक ५५ देखिन्छ । समग्रमा हेर्दा क’वाडीदेवी मा.वि को औसत अंक अन्यको तुलनामा केही उच्च देखिन्छ ।

तालिका ५ निम्न माध्यमिक तह उत्तिर्ण परीक्षापरिणाम, २०७१

| विद्यालयको नाम | परीक्षामा सामेल | उत्तिर्ण | | अंग्रेजीमा उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | |
| श्री डिल्लीराज उ. मा. वि. | १६६ | ९७ | ५८ | ५५ |
| श्री कुवाडी देवी मा. वि. | ४२ | ४९ | १०० | ५० |
| श्री सिमलवाडी नि.मा.वि. | ४६ | ३३ | ७१ | ४० |
| श्री भृकुटी नि. मा.वि. | ५५ | ५५ | १०० | ५६ |
| श्री जनकल्याण मा. वि. | ६४ | ६४ | १०० | ५४ |


स्रोत : स्थलगत सर्भेक्षण २०७२

तालिका ५ ले वि.स. २०७१ सालमा संचालित निम्न माध्यमिक तह उत्तिर्ण परीक्षाको पाँच वटै विद्यालयको समष्टिगत अंग्रेजी विषयको नतिजा देखाएको छ । जसमा जम्म विद्यार्थी संख्य ३७३ रहेकोमा २९१ जना पास भएका थिए । ति विद्यालय श्री कुवाडी देवी मा. वि, श्री भृकुटी नि. मा.वि. र श्री जनकल्याण मा. वि. को नतिजा १००% उत्तिर्ण रहेको छ भने अंग्रेजीको औसतकमश ५०% र ५६% रहेको छ ।  को ५८% उत्तिर्ण रहेको र श्री सिमलवाडी नि.मा.वि. को उ . दर ७१% रहेको देखियो याहाँ श्री भृकुटी नि.मा.वि. को उत्तीर्णदर र औषत प्राप्तांक अरु भन्दा उच्च देखिएतापनि ५६% भन्दा बढ्न नसकेको देखियो ।

नमुना विद्यालयको नतिजा विश्लेषण गर्दा श्री कुवाडी देवी मा. वि. को उत्तीर्ण प्रतिशत ९४% र सबै भन्दा उत्तम र औसत ५४ रहेको देखिएको छ । श्री भृकुटी नि. मा.वि. दोस्रो अथवा ९३% र ६० औसतअंक रहेको छ । श्री जनकल्याण मा. वि. ९२ र ५५ तथा श्री सिमलवाडी नि.मा.वि. ९१ र ५२ रहेको छ भने श्री डिल्लीराज उ. मा. वि. को ६५% उत्तिर्ण र अंग्रेजीको औसत५० रहेको छ । यसरी नतिजा हेर्दा टाघनडुब्बा स्रोतकेन्द्रको निम्न माध्यमिक तह उत्तीर्ण परीक्षा २०७२ को कुल अंग्रेजी विषयको औसत५४.२२ प्रतिशत रहेको देखिएको छ । यसपाली विगत भन्दा औषतअंकमा बृद्धि भएको देखिएको छ भने उत्तीर्णदर ३ विद्यालय घटेको देखिन्छ ।

पाँच वटै विद्यालयहरुको २०७२ सालको नतिजा मार्कलेजरबाट प्राप्त गरी उक्त तथ्याङ्कलाई तलको वृत्तचित्रमा देखाइएको छ ।

चित्र २ औसत उत्तीर्ण प्रतिशतमा




स्रोत : विद्यालय प्रगति विवरण २०६९

चित्र २ ले ५ वटा विद्यालयहरुको औषतलाई प्रतिनिधित्व गर्दछ भने सबैभन्दा राम्रो उत्तिर्ण श्री कुवाडी देवी मा.वी को ९४% रहेको छ त्यसपछि श्री भृकुटी नि.मा.वी. ९३ र जनकल्याण ९२ र सिमलवाडी ९२ र डिल्लीराज उ.मा.वि.को उत्तीर्ण सबै भन्दा न्यून ६५% रहेको देखिन्छ । भुकुटी निम्न माध्यमिक विद्यालयको अग्रेजी विषयको उपलब्धि विगत भन्दा ४-५% ले बढेको र क्रमश सुधार हुँदै गरेको देखिन्छ ।

नमुना छनोट भएका ५ वटै विद्यालयको २०७२ सालको निम्न माध्यमिक तह उत्तिर्ण परीक्षासमष्टिगत छात्रा-छात्रको अंग्रेजी विषयको उत्तिर्ण % र औसतप्राप्ताङ्कलाई प्रतिनिधित्व गरेको देखाइएको छ । उक्त तालिकाले श्री कुवाडी देवी मा. वि विद्यालयको को नतिजा सवै भन्दा उत्कृष्ट १००% र श्री भृकुटी नि. मा.वि. विद्यालयको केही प्रतिशत न्युनरहेको देखिन्छ भने श्री सिमलवाडी नि.मा.वि. विद्यालयको उत्तीर्ण प्रतिशत ९० र औसत ५३ प्रतिशत रहेको छ । समग्रहमा १८८ जना छात्रा परीक्षामा समेल भएकोमा १२९ जना सफल भएको र १६० जना छात्र मध्ये १२९जना सफल भएको र औसतउत्तीर्ण ५०.६ रहेको देखिएको छ ।

## ४.२.अंग्रेजी विषयको उपलब्धिस्तलाई प्रभावपार्ने तत्वहरु

स्थलगत अवलोकन, प्रश्नावली र अन्तरवार्तावाट प्राप्त तथ्यहरुको आधारमा सामुदायिक विद्यालयहरु संस्थागत विद्यालयहरुको तुलनामा औषत उपलब्धिस्तर कम देखिएको छ । यस मा प्रभाव पार्ने तत्वहरु मध्ये घरायसि काम काज, आर्थिक कमजोरी तथा गरिवी, लगनशिलताको कर्म, अभिभावकमा विषयवस्तुप्रति चासो कम, प्रभावशाली शिक्षण कौशलको कमी हुनु तथा विद्यालयको अंग्रेजी पठन पाठन अंग्रेजी महाकम हुनु र प्रभावकारी अनुगमनको कमी जस्ता प्रभावकारी तत्वहरु रहेको पाइएको छ ।

## ४.२.१ अंग्रेजी विषयको उपलब्धि सुधारका लागि चालिएका कदमहरु

स्थलगत अवलोकन, प्रश्नावली र अन्तरवार्ताका आधारमा सामुदायिक विद्यालयहरु मध्ये धेरैको विद्यालयहरुको अंग्रेजी विषयको उपलब्धिस्तर कमजोरी देखिएकोले अंग्रेजी विषयको उपलब्धि सुधारका लागि विभिन्न कदमहरु चालेको पाइयो । समग्रहमा ५ ओटै विद्यालयमा कक्षा ८ मा अंग्रेजी विषयको उपलब्धि सुधारका लागि एकाई परीक्षा र पृष्ठपोषण अपनाइएको, समुह विभाजन गरी बालमैत्रिक शिक्षण गरेको, कक्षाकार्य र गृहकार्यमा जोड दिइएको पाइयो । ३ ओटा विद्यालयमा प्रयोग गरिएको र २ ओटा विद्यालयमा साप्ताहीकारुपमा पक्तृत्व प्रतियोगिता संचालन गरिएको पाइयो । अंग्रेजी विषयको उपलब्धि सुधारका बारेमा प्र.अ. र स्रोत शिक्षकले उक्त विषयप्रति चासो राखि विषय शिक्षकसँग आ-आफ्नो धारणा राखिएको पाइयो । घरासायी वातावरण घरेलुकामकाजले गर्दा पठनपाठन नभएको तथा अभिभावकहरुको उति चासो नदिएको भनि

सवैको प्राय समान धारणा आएको छ भनि अन्य खालका प्रश्नहरुको निम्न अनुसारको तालिका बनाएर विश्लेषण गरिएको छ ।

नमुना छनोटका विद्यालयका प्रति विद्यालय २ जना विद्यार्थी तथा प्र.अ र विषय शिक्षकसँग भएको छलफल र अन्तरवार्तावाट १० जना विद्यार्थी मध्ये अंग्रेजी कठिन विषयमा ५ विद्यार्थीले जवाफ दिएको ३ जनाले गणित  र २ जनाले विज्ञानमा समस्या देखाएको थिए । ५ प्र. अ. मध्ये तिन (३) प्र.अ. ले अंग्रेजी उपलब्धस्तर कम भएको र २ जनाले गणित अझ कमजोर भएको भनि वताएका थिए । अंग्रेजी शिक्षकहरु ५ जनालाई सोधिएको मध्ये २ जनाले अंग्रेजीको उपलब्धि कम तथा २ जनाले गणितमा कम उपलब्धि भनेको र १ जनाले गणितमा कम उपलब्धि भनेको र १ जनाले विज्ञानमा कमजोर भनेको थिए । १० जना अभिभावक मध्ये ५ जनाले अंग्रेजी र ५ जनाले गणितको उपलब्धिस्तर कमि भनी उत्तर दिएको प्रष्टिन्छ ।

स्थलगत अवलोकन,प्रश्नावली र अन्तर्वाताका आधारमा विद्यालयहरुमा अङ्ग्रेजी विषयको उपलब्धि सुधारका लागि विभिन्न कदमहरु चालेको पाइयो । समग्रमा ५ औटै विद्यालयमा कक्षा ८ मा अङ्ग्रेजी विषयको उपलब्धि सुधारका लागि एकाइ परीक्षा र पृष्ठपोषण अपनाइएको समुह विभाजन गरी बालमैत्री शिक्षण गरिएको, कक्षाकार्य र गृहकार्यमा जोड दिइएको पाइयो ३ ओटा विद्यालयमा श्रव्यदृश्य सामग्री प्रयोग गरी शिक्षण गरिएको २ ओटा विद्यालयमा अङ्ग्रजीमा साप्ताहिकरुपमा बक्तव्य प्रतियोगिता सञ्चालन गरिएको पाइयो । सबै विद्यालयहरुले एकाइ परीक्षा गरेको पाइयो । तिन ओटा विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन गरेको पाइयो यू आकार र गोलो टेवलको बसाई भने पाइएन ।

अंग्रेजी विषयको उपलब्धि सुधारका लागि चालिएका कदमहरु निम्न बमोजिम पाइएका छन्:

(क) अंग्रेजी माध्यमवाट कक्षा शिक्षण गर्न थालिएको पाइयो ।

(ख) श्रव्यदृष्य सामग्रीहरुको प्रयोग गरिइएको पाइयो ।

(ग) बालमैत्री कक्षा व्यवस्थापन र शिकाई शिक्षण गरिएको पाइयो ।

(घ) एकाई परीक्षा लिने गरिएको पाइयो ।

(ङ) भाषा शिक्षण गर्दा अंग्रेजी माध्यमको प्रयोग भएको पाइयो ।

(च) एकाई परीक्षा पश्चात प्रोत्साहन गर्ने गरेको पाइयो ।

(छ) समुह विभाजन गरी शिक्षण गरिएको पाइयो ।

(ज) छात्रावृत्ती प्रदान गरिएको पाइयो ।

(झ) कक्षाकार्य, गृहकार्य, समुहकार्य र प्रयोगात्मककार्यमा बढी जोडदिइएको पाइयो ।

(ञ) लिपी सुधार्न प्रयत्न गरिएको पाइयो ।

(ट) कक्षामा भाषिक सिप विकासका लागि सहकार्य र सम्वाद गर्ने गरिएको पाइयो ।

(ठ) कक्षामा साप्ताहीक रुपमा वक्तव्य प्रतियोगिता र हिज्जे गर्ने गरेको पाइयो ।

## ४.३ अंग्रेजी विषयको उपलब्धिमा कमी ल्याउने तत्वहरु

अंग्रेजी विषय ज्यादै महत्वको र संसारकै लोकप्रिय तथा सञ्चारको प्रमुख भाषा भएकाले यसको क्षेत्र ज्यादैं व्यापक छ भन्ने कथनको पुष्टि हुन्छ । सरकारी विद्यालयमा अधिकासं विद्यालयहरुको उपलब्धिस्तर अन्य विषयमो तुलनामा कमि देखिएको यसमा कमी ल्याउने तत्वहरु छन् भन्ने कुराको पुष्टि गर्दछ । स्थलगत भ्रमण , अवलोकन , छलफल तथा प्रश्नावलीको जवाफवाट पनि उक्त विषयमा केहि प्रमुख तत्वहरुलाई उजागर गर्दछ । तल प्रस्तुत वुदाहरु केहि प्रमुख तत्वका उदाहरण मान्न सकिन्छ ।

(क) उपयुक्त शैक्षिक सामाग्रीहरुको कमी हुनु

(ख) शिक्षण कौशलको कमी हुनु

(ग) विद्यार्थीको अंग्रेजी विषयप्रति कम चासो हुनु

(घ) अभिभावकमा अंग्रेजी विषयमो वारेमा चेतना वा जानकारिको अभाव हुनु

(ङ) विद्यालयको प्रशासन तथा कक्षाको वातावरण अंग्रेजीमैत्री नहुनु

(च) विद्यालयले नि:शूल्क कोचिंग संचालन नगर्नु

(छ) अभिभावकले शिक्षामा कम लगानी गर्नु

(ज) विद्‌यार्थीमा पढाइप्रति लगनशीलताको कमी हुनु

उक्त विषयमा औसतप्रतिशत कमी हुनु  र विद्यार्थीहरुले कम अंक प्राप्त गर्नुको कारण शिक्षकसँग सोधिएका प्रश्नमा ५ जना शिक्षक मध्ये ४ जनाले विद्यार्थीको कम चासो र अभिभावकको शिक्षाप्रति चेतनाकोस्तर कम भएको र उपयुक्त शैक्षिक सामाग्रीहरुको कमी तथा पाढ्‌यपुस्तक समयमा उपलब्ध नहुनु वताएका थिए ।

सोही प्रश्नअभिभावकहरु लाई सोधि गर्दा अभिभावकले विद्यार्थीले घरायसी काम वा कृषि पेशागत कार्यमा सघाउनु पर्ने भएको , घरमा कम समय मात्र पढाइमा खर्चने गरेको तथा विद्यालयवाट कडाई नगरिएको जस्ता  मत आएको र बढि विद्यार्थीले धेरै कम अंक पप्राप्त गर्ने गरेको देखिन गएको छ ।

उक्त प्रश्न नमुना छनोटका ५ विद्यालयका १० जना विद्यार्थीलाई सोधिएकोमा ५ जनाले घरेलु कामकाजमा समय बढी खर्च भएको र पढाइ कमजोर भएको कक्षामा अंग्रेजी विषयको शिक्षण हुदाँ पाठ , अभ्यास राम्रो बफ्न्न नसक्नु र गृहकार्य तथा कक्षा कार्यमा थोरै विद्यार्थीले मात्र संलनतापुर्वक गर्नु तथा कोचिङ कक्षाको सवैतिर व्यवस्थापन नहुनु आदि तथ्य आएको विश्लेषणवाट प्रष्टिन्छ । स्थलगत अवलोकन, प्रश्नावली र अन्तरवार्तावाट प्राप्त तथ्यहरुको आधारमा सामुदायिक विद्‌यालयहरु संस्थागत विद्‌यालयहरुको तुलनामा औषत उपलब्धिस्तर कम देखिएको छ । यस मा प्रभाव पार्ने तत्वहरु मध्ये घरायसि काम काज, आर्थिक कमजोरी तथा गरिवी, लगनशिलताको कर्म, अभिभावकमा विषयवस्तुप्रति चासो कम, प्रभावशाली शिक्षण कौशलको कमी हुनु तथा विद्‌यालयको अंग्रेजी पठन पाठन अंग्रेजी महाकम हुनु र प्रभावकारी अनुगमनको कमी जस्ता प्रभावकारी तत्वहरु रहेको पाइएको छ ।

## ४.४ अंग्रेजी विषयको उपलब्धि स्तर सुधार गर्ने उपायहरु

अंग्रेजी विषयमा उपलब्धिस्तर न्युन देखिनु सरकारी विद्यालयहरुलाई एउटा ठुलो समस्याको विषय भएको देखिएको छ तथापि कतिपय विषयहरुमा भने राम्रै औसतदेखिएवाट अंग्रेजी विषयका केही प्रमुख समस्याहरुलाई यस अध्ययनमा उठान गरिएको हो । नमुना छनोटमा परेका सामुदायिक विद्यालयहरुको अभिलेख, प्रगति विवरण तथा निम्न माध्यमिक तह उत्तिर्ण परीक्षाको विगत ५ वर्षको परिणामलाई विश्लेषण गर्दा उपलब्धिस्तर कम हुने

कारणहरु मध्ये एक कारण विद्यार्थीमा अंग्रेजी विषयको क्षेत्र महत्वका वारेमा चासो कम हुनु र अंग्रेजी विषयको फराकिलो र अनन्त क्षेत्रबारे ज्ञानको कमी हुनु विद्यार्थीहरुले अभिभावकवाट सकरात्मक सोचक साथ सहयोग र सदभाव नपाउनु, घरेलु वातावरण अध्ययन मैत्री नहुनु , विद्यालय तथा विद्यार्थीहरुको भविष्य प्रति विद्यालयसँग सम्वन्धित सवै सरोकार पक्षहरुमा सहयोगको हातेमालो कार्यक्रम सवैतिर नहुनु , गरिवी र अभाव ग्रस्त ग्रामिण क्षेत्रमा अधिकांश वालवालिका घरेलु र कृषि पेशामा मजदुरका रुपमा अधिक प्रयोग गरिनु , अभिभावकप्रति आफ्नो सन्तानले कति पढे वा पढेनन् भनेर विद्यालयसँग वा आफै निरिक्षण नगर्ने वानि वस्नु , सरकारी हो सवै कामकाज सरकार र शिक्षकको हो भनि शिक्षकमा सम्पूर्ण दोश थुपारेको पाइएको छ ।

यस अनुसन्धानका कममा देखिएका समस्याहरु संकलन गरि प्राथमिकताका आधारमा राखि विश्लेषण गर्दा सवै भन्दा प्रमुख दायित्व अभिभावकहरुको हुन आउँछ किनकी विद्यार्थीका लागि शिक्षकले सोच्नु परेभ्कै छोराछोरीका लागि आमावुवा वा अभिभावकको भुमिका सवैभन्दा प्रभावकारी र उदाहरणीय मान्न सकिने कममा तयार गरिएको प्रश्नावली , अन्तरवार्ता , छलफल र प्रतिक्रिया स्रोत व्याक्तिको राय सुभ्काव , प्रधानाध्यापकको कथन शिक्षकको राय तथा सुभ्काव आदिले पुष्टि गर्दछ की अभिभावकहरुको शिक्षाप्रति सकियता आजको अपरिहार्यता रहेको छ भन्नुमा अत्युक्ति नहोला / तथापी सरकार शिक्षकहरु त्था विद्यालय प्रशासनको भुमिका पनि उत्तिकै सशक्त र प्रभावकारी हुन नितान्न आवश्यक देखिन्छ ।

अंग्रेजी विषयको उपलब्धिस्तर वृद्धि गर्न के गर्नु पर्छ भनि सोधिएको प्रश्नमा ५ ओटा नमुना छनोटमा परेका विद्यालयवाट १/१ जनाका दरले प्रधानाध्यापक ५ जना , विषय शिक्षक ५ वटै विद्यालयवाट एक/एक जना र ५ ओटै विद्यालयवाट विद्यार्थी सहयात्री १/१ जना गरि जम्मा १५ जनालाई सोधिएकोमा विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाउनु पर्नेमा प्र .अ ३ जनाले , विषय शिक्षक ३ जनाले जवाफ गाहेर गरेका थिए । अतिरिक्त टेष्टमा र विधुतीय शिक्षण विधिमा कमश कुल १/४ जनाको मत आएको छ । यसवाट के प्रष्ट हुन्छ भने सरकारी अनुदान र छात्रवृद्धिले मात्र गुणस्तर र उपलब्धिस्तर सुर्धान सक्दैन । कक्षा शिक्षा शिक्षणमा शिक्षक केनिद्रत विधि पूर्ण विस्थापित गरि विद्यार्थी केन्द्रित शिक्षण गर्नु पर्दछ । एकाई र अतिरिक्त टेष्ट संचालन गरि परिणाम सुनुवाई गरि विधुतीय ICT

materials वा विधुतिय उपकरणको प्रयोग बढाउनु पर्नेमा विद्यार्थीको इच्छा र ICT प्रविधिमा जोड दिइएको पाइएको थियो ।

नमुना छनौट परेका पाँच वटा विद्यालयहरुमा २ वटा विद्यालयहरु श्री भुकुटी मा.वि. र श्री कुवाडी देवी मा.वि. बाहेक अन्य विद्यालयमा प्राय औषत अंक न्यून ४५ देखि ५४ को आसपासमा रहेको पाइएको छ । विषयगत औषत उपलब्धि कम हुनाका विविध पक्षहरु सर्वेक्षण, अवलोकन प्रश्नावली र अन्तरवार्तावाट प्राप्त सुझाव र बुदाँहरुवाट प्रष्ट भएको छ । प्राय जसो सबै विद्यालयहरुमा कृषि पेशागत परिवारवाट आएकाले पेशामा संलग्न हुने गरेका तथ्य पाइएवाट घरायसी कामकाजमा विद्यार्थीहरु प्रयोग भइरहेको अभिभावकहरुले स्वीकार गरेको पाइएको छ । विद्यालयहरुमा वढी विद्यार्थीहरु अनुत्तिणा हुनुमा विद्यार्थी संख्या बढी हुनु तथा कक्षा कोठा व्यवस्थापन कमजोरी नभएको पाइएको छ । केही विद्यालयहरुमा भने बसाई व्यवस्थापन राम्रो र औषत पनि ५५ देखि ६० सम्म रहेको पाइएको छ । तर पनि केहि साल देखि क्रमस थोरै भए पनि अंग्रेजीमा क्रमिक सुधार हुँदै गरेको यहाँका विद्यार्थीहरु आर्थिक श्रोत जुटाउन कृषि तथा घरायसी कामकाजमा प्रयोग भएको पाइएको छ । विद्यार्थीहरुले न्यूनतम आधारभूत आवश्यकता पुर्ति भएमा क्रमश पठन पाठनमा लाग्ने र विस्तारै उपलब्धिस्तर बढ्दै जाने हुनाले मास्लोको आवश्यकता पूर्तिको सिद्धान्त मेलखाने देखिन्छ । पाँच औटै विद्यालयको परिणम अध्ययन गर्दा पाइएको तथ्यवाट पनि यो सिद्धान्त संग मेलखाएको देखिएको छ । अन्तत वास्तवमा हरेक विद्यार्थीहरु लाई आधारभूत आवश्यकता पूर्ति गर्न सकेको खण्डमा घरमा पढाइमा पढी समय संलग्न हुन सक्ने देखिएको छ ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरु

## ५.१ निष्कर्ष

यस अध्ययनको सिलसिलामा भएका , अवलोकनवाट प्राप्त गरिएका विभिन्न प्रश्नावलीहरु तथा छलफल र प्रतिक्रियावाट प्राप्त भएका प्राथमिक र द्धितिय तथ्याङ्कहरुको आधारमा यस लेखलाई बढि भन्दा बढि सान्दर्भिक र सत्यतथ्यको भरपुर सहयोग लिएर तयार गरिएको हुदाँ यसको महत्वपूर्ण पक्षहरु मध्ये एक अनुसन्धानवाट प्राप्त भएको प्राप्तिहरुलाई यस खण्डमा समावेश गरिएको छ ।

नमुना छनोटमा परेका पाँच ओटै विद्यालयहरु सामुदायिक विद्यालय रहेका र तिनको अभिलेख र प्रगति विवरणवाट अंग्रेजीको उपलब्धिस्तर केही विषयहरु भन्दा न्युन र केही विषयहरु माथी केही % ले उच्च पाइयो । समग्रमा विश्लेषण गर्दा र जुन न्युन नै मान्नु पर्दछ । विगत पाँच वर्षको कक्षा ८ को विद्यार्थीहरुको नतिजा अनुसार पाँच ओटा विद्यालयहरुमध्ये अंग्रेजी विषयको उत्तीर्णदर २ ओटा विद्यालयमा स्थिर रहेको र ३ ओटा विद्यालयमा स्तर वृद्धि भएको पाइयो । २०६८ सालको औसत उपलब्धि स्तर ४ ओटा विद्यालयमा ४५% भन्दा कम र एउटा विद्यालयमा ५०% भन्दा माथि रहेको पाइयो । त्यसतै २०६९ सालको औसत उपलब्धि स्तर ५० र ६० को सेरोफेरो र केही विद्यालयको केही न्यून उपलब्धि पाइयो ।

कक्षा ८ को अङ्ग्रेजी विषयको उपलब्धि सुधारका लागि कक्षामा समुह विभाजन, कक्षाकार्य, गृहकार्य, बालमैत्री शिक्षण, एकाई परीक्षा सबै विद्यालयका अपनाएको पाइयो । सकेसम्म ICT Materials को प्रयोग पनि बेलाबेला भए पनि प्रयोग गरेको पाइयो । ३ ओटा विद्यालयमा श्रव्यदृश्य सामग्रीको प्रयोग गरी कक्षा शिक्षण गरिएको, २ ओटा विद्यालयमा अंग्रजी माध्यममा साप्ताहिक रुपमा बक्तृत्वकला प्रतियोगिता गर्ने गरेको पाइयो भने एउटा विद्यालयमा हिज्जे प्रतियोगित सञ्चालन गरेको पाइयो ।

विद्यालयहरुमा अंग्रेजी विषयमा Basic Level को स’रुवाटै न्युन उपलब्धिस्तर रहेको पाइयो । सैद्धान्तिक रुपमा हेर्दा शिक्षकले विद्यार्थी र अभिभावकको कमजोरी भनि

विद्यार्थीलाई दोष दिएकोवाट Gregor को सिद्धान्तले भने झै कामदारको दोषले गर्दा उत्पादनमा ह्रास आए झै शिकारुको अल्छि पनले गर्दा अंग्रेजी विषयको उपलब्धिस्तर न्युन भएको पाइयो । हालको समयमा अंग्रेजीको व्यापकता र अनन्त क्षेत्रलाई बुझ्न नसक्नुले पनि उपलब्धिस्तरमा वृद्धि गर्न समस्या परेको देखियो । कतिपय विद्यालयमा शिक्षण सिकाई सन्तोसजनक भईरहेको र त्यहाँ उपलब्धि वृद्धि गर्न शिक्षक र शिकारु दुवैलाई वोनस तथा पुरस्कार वा दुवैको साथै तलववृद्धि गर्नु पर्दछ भन्ने निष्कर्ष सहभागिहरुको निकालेका थिए ।

यो सिद्धान्ध पूर्ण रुपमा उपलब्धि तथा उत्पादनमुखि भएको हुनाले धेरै विद्यालयहरुको दण्ड र जरिवानाको सम्पादनमा पृष्ठपोषण र प्रोत्साहनस्वरुप सानो भएपनि पुरस्कारको व्यवस्था गरि अध्यापन गराइएको पाइयो । ति नमुना छनोटमा परेका विद्यालयहरुमा एक / दुई वाहेक सवैमा सिकाई उत्तम रहेको र अंग्रेजी विषयको उपलब्धिस्तर ५०% को वरिपरि रहेको पाइयो ।

जुन विद्यालयमा भौतिक सुविधा, आर्थिक सम्पन्नता र राम्रो सिकाई व्यवस्थापन अंग्रेजी माध्यमिकको सिकाई तथा क्षअत ञबतभचर्ष्बा दबकभम भिबचलष्लन सुचना तथा कम्प्युटर प्रविधि सम्पन्न विद्यालयमा अंग्रजी विषयको उपलब्धिस्तर उच्च र सम्मानजनक भएको पाइयो । यहाँ अनुसार आर्थिक र भौतिक सम्पन्नताले गर्दा पनि उपलब्धिस्तर उच्च भएको पाइयो ।

प्रत्येक नमुना विद्यालयमा पुगेर तथ्याङ्क संकलन गर्ने क्रममा अंग्रेजी विषयमा विभिन्न खालका समस्याहरु देखिएको थिए । पुस्तक ढिलो आइपुग्नु तथा ग्रामिण क्षेत्रमा वर्षातमा बालबालिकाको विद्‌यालयमा न्यून उपस्थिती हुनु, गरिवी र धेरै समुदायका बालबालिका हुनाले पनि उपलब्धि स्तरमा भाषिक काढिनाइ भएको पाइयो । अंग्रेजी विषयको वारेमा राम्रो र व्यापक क्षेत्र हुदाँ हुदै पनि चेतनाको कमि विद्यार्थीहरुमा पहिलेदेखि नै पैदा भएको मनोवैज्ञानिक डर तथा असर विद्यालयमा अंग्रेजीमय वातावरण नभएको अंग्रेजी विषयको अभ्यास घरमा पर्याप्त नहुनु अभिभावकले आफ्ना वालवालिकालाई घरायसी कामकाज तथा कृषिकार्यमा अधिक समयसम्म व्यस्त र अभ्यास गराउनु , अंग्रेजी विषय आजको आवश्यकता तथा भोलिको राम्रो विश्व वजारमा सहज रुपमा पहँज पुऱ्याउने र दक्ष जनशक्तिको रुपमा उभ्याउन सक्ने व्यापक क्षेत्र भएको अन्राष्ट्रिय प्रमुख सञ्चारको माध्यम हो भन्ने वारे त्यहि अवगत नहुनु जस्ता कुराहरु समस्यास केन्द्रित छन् ।

अंग्रेजी विषयमा देखिएका समस्याहरु समाधान गर्नका लागि अपनाउनु पर्ने विभिन्न समस्या समाधानका उपायहरु सवै प्रतिनिधिपात्रहरु िवषय शिक्षक , विद्यार्थी अभिभावक , प्रधानाध्पक तथा स्रोत शिक्षकवाट भएको थिए । यसको साथै उपलब्धिस्तर उकास्न सरकारी पहल तथा लगानी अंग्रेजी माध्यमको अभ्यास तथा विद्यार्थीहरुलाई घरमा बढि समय पढाई , लेखाइमा लगाउनु पर्नेमा जोड दिएका थिए । अंग्रेजी विषयप्रति सवै प्रतिनिधि पात्र र सवै सरोकारवालाहरुको समस्या समाधानमा उत्तिकै चासो दखिएको पाइयो । अंग्रेजी विषयको समस्या समाधानमा माथि उल्लेखित सिद्धान्तहरु पूर्णरुपमा सफल प्रयोग हुने र फलदायि भएकाले मेल खाने पाइयो । अग्रगामी विकास तथा आधुनिक प्रविधिको विकासले ल्याएको नवनितम सिकाईहरु तथा कम्प्युटर सिकाइ आदि शैक्षिक सामाग्रीको प्रयोगमा जोड दिनु पर्ने भनि सवैको एकमत रहेको पाइयो । हालसम्मको अनुगमन शैलीमा फितलो रहेको पाइयो । आगामी वर्षहरुमा यसवाट सकारात्मक नतिजा आउनेछ विश्वास गर्न सक्ने भनि आधार तयार भएको देखिन्छ ।

झापा जिल्ला अन्तरगत टाघनडुब्बा स्रोत केन्द्रमा पर्ने दक्षिणी भेगका पाँच ओटा नमुना छनोटमा परेका सामुदायिक माध्यमिक र निम्न माध्मिक विद्यालयहरुको स्थलगत भ्रमण गरि सम्बन्धित विद्यालयका स्रोतशिक्षक , अंग्रेजी शिक्षक , विद्यार्थीहरु तथा अभिभावकलाई अंग्रेजी विषयको सम्बन्धमा प्रश्नावली निमार्ण गरि उक्त प्रश्नावली सम्वन्धित व्याक्तिलाई विश्लेषण गरिकन विद्यालयको वास्तविक अवस्था तथा अंग्रेजी विषयको उपलब्धिस्तरको पहिचान गरि यस लेखलाई पूर्णता दिने कार्य गरिएको छ ।

अंग्रेजी विषयलाई विगतमा भन्दा बढि महत्वदिन र आगामी दिनहरुमा युग सापेक्ष E-learning मा जोड दिनु पर्ने कुरालाई सकारात्मक पक्ष मान्दै त्यस तर्फ विद्यालयहरु अघि बढि रहेको अवस्था पाइएको छ । त्यसका आधारहरु धेरै विद्यालयहरुको प्रोजेक्टर र विद्युतीय सामाग्रीको निकट भविष्यमै प्रयोग गर्ने गरि तयारी गर्दै गरेको पाइयो । यसतर्फ विद्यालय प्रधानाध्यपक र सम्पुर्ण सरोकारवालाहरुको रुची भएतापनि आर्थिक पाटो कमजोर पाइयो यि यावत कुराहरुलाई सकारात्मक रुपमा उपलब्धिमुलक बनाउने मुख्य कुरा रहेकोले गर्दा सम्पूर्ण सरोकारवालाहरुको उत्तिकै सक्रिय भुमिकाको आवश्यक रहेको र सवैको राय , सल्लाह र सुझावका आधारमा उपलब्धि सुधार्न योजना निमार्ण गर्नूपर्दछ ।

## ५.२ सुझावहरु

झापा जिल्लाको दक्षिणी भेगका विकट गा.वि.स का रुपमा रहेका शरणामति , टाघनडुब्बा र कुमरखोदमा संचालित पाँच वटै नमुना विद्यालयहरुको निम्न माध्यमिक तह उत्तिर्ण परीक्षाको अंग्रेजी विषयको उपलब्धि अध्ययन गर्दा विद्यार्थीहरुको अंग्रेजी विषयको उपलब्धिमा सुधार ल्याउन निम्न कदमहरु तहगतरुपमा चाल्नु पर्दछ ।

## ५.३.१ नीतिगत तह

सरकारीस्तर तथा जिल्ला शिक्षा कार्यालयवाट प्रभावकारी अनुगमन र निरीक्षण टोली क्षेत्रगत रुपमा गठन गर्नु पर्छ । अनिवार्य प्रत्येक विद्यालयपुगी निरीक्षण गर्नु पर्छ । विद्यालय निरिक्षक, स्रोतव्यक्ति तथा जि.सि.अ. सहितको अनुगमन टोली मासिक १ पटक प्रत्येक विद्यालमा पुगि सिकाई निरीक्षण गरी फारम भरी सम्बन्धित कार्यालयमा पुऱ्याउनु पर्दछ । सामुदायिक विद्यालयहरुको उपलब्धिस्तर संस्थागत विषयको तुलनामा विषयगत औ पत निकै न्यून रहेको देखिएको छ ।

संस्थागत विद्यालयमा कडाइका साथ निर्देशन र अनुगमन तथा प्रभावकारी कक्षा कार्य तथा गृहकार्यमा पढी भन्दा बढी संलग्न गराइएको पाइएको छ भने यि दुई संस्थाहरुको विच खाडल छदैछ र प्रतिस्पर्धात्मक भावना समुदायिक विद्यालयहरुमा कम भएको छ । पार्याप्त सरकारी अनुदान पाएर पनि अभ्यास को कमी भएको कारणले गर्दा नै यसको उपलब्धिस्तर खस्कदै गएको छ । यसलाई सुधार्न र औषत उपलब्धि पढाउन पाठ्यक्रम निर्माणककर्ताहरुले परिमाजित पाठ्याक्रम बनाउनु पर्दछ शिक्षक र विद्यार्थीहरु दुबैलाई बढी उत्तरदायि बनाउने गरी शिक्षा ऐनमा नियमहरु र आचारसंहिता तयार गरिनु पर्दछ । अंग्रेजीमै १ कक्षा देखि शिक्षण गराउनु पर्ने नियम बनेपनि ऐच्छिक विषय जस्तो केही विद्यालयहरुले मात्र यस नियमको पालना गरेका छन् । विद्यालयम अनुगमन टोली पुगेनपुगेको रेकर्ड लगबुकमा अनिवार्य राख्नु पर्छ ।

विद्यालयहरुमा अंग्रेजी विषयलाई बहुउपयोगी विषय भनेर कडाइका साथ अनिवार्य अंग्रेजी माध्यमबाट सवै सामुदायिक विद्यालयहरु संचालन गर्ने निति नियम लागू गर्नु पर्छ । विद्यालयहरुमा कुन कुन कार्यक्रम राम्रो अवस्थामा कसरी संचालन भइरहेको छ । अवलोकन गरी रिपोर्ट तयार गर्नु पर्दछ । राम्रो विद्यालय र राम्रा शिक्षक तथा उत्कृष्ट

विद्यार्थीहरुलाई अनिवार्य पुरस्कृत र प्रोत्साहीत गर्नु पर्छ । अनुगमन टोली जिल्लागत तथा क्षेत्रगत रुपमा गठन गर्नु पर्छ । विद्यालयहरुमा उपयुक्त कक्षा कोठा व्यवस्थापन, अंग्रेजी माध्यमवाट भाष सिकाई भइरहेको छैनभने छिटै उक्तमाध्यम र शैक्षिक सामग्रीहरुको उपलब्धता भएनभएको हेर्ने र प्रयोग नभए सरकारी तवरवाट उत्पादन र सामग्रीहरु वितरण गर्नु पर्छ ।

विद्यालयमा श्रव्यदृष्य सामग्री, ICT को प्रयोगमा जोड दिनुपर्छ । विद्यार्थी केन्द्रित विधिको कक्षा शिक्षमणा प्रयोग भएको छ छैन अवलोकन गर्नु पर्छ र E-learning विद्युतीय सिकाइमा जोड दिनु पर्दछ भनि नियम लागु गर्नु पर्दछ ।

## ५.३.२ कार्यान्वयन तह

यस तहमा विद्यालयहरुको प्रशासनिक तह, प्र.अ.हरु विषय शिक्षक, शिक्षक, विद्यार्थीहरु, अभिभावकहरु तथा सरोकारवाला पक्षहरु पर्दछन् । सबै तह तप्कावाट अंग्रेजी विषयको स्तरोन्ती र गणात्मक विधिमा सर्वले चासो दिनु पर्दछ । अभिभावक र विषय शिक्षक ले सब भन्दा बढी हेर विचार र निरिक्षण तथा सुझाव आफ्ना बालबालिकालाई दिनु पर्दछ । पढाइमा प्रोत्साहन दिनु पर्दछ ।

विद्यालयहरुमा कक्षा शिक्षणमा सिकारु केन्द्रित विधिको अधिक प्रयोग गर्नुपर्छ । विद्यार्थीहरुलाई कक्षा कार्य , समुहकार्यमा बढि समय संलग्न गराउदै निरन्तर अवलोकन गर्नुपर्छ ।  कक्षा व्यवस्थापना पनि विशेष ध्यान दिने तथा शिक्षण गर्दा पर्याप्त शैक्षिक सामाग्रीको प्रयोग गर्नुपर्छ ।

अंग्रेजी विषयको बेला-बेलामा हाजिरिजवाफ, हिज्जे, सामान्य ज्ञान जस्ता अतिरिक्त क्रियाकलापहरु गर्नुपर्छ । कक्षा शिक्षण अंग्रेजी मैत्री वनाउनशिक्षकले एकाई योजना , वार्षिक योजना र पाढ्ययोजना वनाइ शिक्षण गर्नुपर्छ । अंग्रेजी माध्यमका फिल्म लेखहरु, हस्तलेखहरु, समाचारपत्र र कक्षाकार्यहरु का माध्यमवाट कम्प्युटरवाट शिक्षण गर्नुपर्छ ।

प्रभावकारी शिक्षण भए नभएको प्रधानाध्यपक तथा स्रोत शिक्षकले समय - समयमा कक्षा अनुगमन तथा मुल्याङकन गर्नुपर्छ । विद्यार्थीका अभिभावकहरुले आफ्नो केटा केटीहरुको पढाईप्रति चासो राखी विद्यालयमा आएर रेखदेख र सोधपुछ गर्नुपर्छ ।

अंग्रेजी विषयको स्तरोन्नतिको लागि कोचिङ्ग कक्षा र अतिरिक्त समयको व्यवस्था मिलाउनु पर्छ। सबै शिक्षकहरु आफ्नो पेशाप्रति समर्पित र इमान्दार भएर सक्रियताका साथ कक्षा शिक्षण गर्नुपर्छ। सक्षमतामा आधारीत भएर कक्षा शिक्षण गर्नुपर्छ।

विद्यालयले पनि असल शिक्षक र विद्यार्थी दुवैलाई पुरस्कृत गर्नुपर्छ। शिक्षकहरुले कमजोर विद्यार्थीहरुलाई बढि समय र ध्यान दिई समस्या समधानमा सहयोग गर्ने पर्छ। सबै अभिभावकले अनिवार्य रुपमा आफ्ना छोरा छोरी (विद्यार्थी) लाई घरमा पढ्ने समय उपलब्ध गराइदिनुपर्छ।

## ५.३.३ अनुसन्धान तह

यस तहमा अनुसन्धान गर्ने शोधकर्ताहरु, अध्ययनकर्ताहरु, अवलोकन कर्ता र भ्रमणकर्ताहरु तथा जिज्ञासु वर्गहरु पर्दछन् । विद्यालय प्र.अ. र विषय शिक्षकले समेत आफ्नो विद्यार्थीको वारेमा समेत अनुसन्धान गर्नु पर्ने हुन्छ । यसवाट समस्याको कारण, पहिचान र वाधक तत्वहरु तथा समस्या समाधानकार उपायहरु निस्कन्छन् र समस्याहल गर्नु सजिलो हुन्छ। कमजोर विद्यार्थीहरुलाई विशेष कक्षाको व्यवस्थापन गरी स्तरोन्नती र उपलब्धिस्तर बृद्धि गर्न सकिन्छ। अनुसन्धानकर्ताहरुले अरु पक्षहरुमा पनि अनुसन्धान गर्न सक्छन् । अंग्रेजी विषयको बोलचाल सम्बन्धि अंग्रेजी विषयको माषिक सिप बृद्धि गर्ने उपायहरु सम्बन्धि पनि अनुसन्धान गर्न सकिन्छ।

अंग्रेजी विषयको साथै अन्य विषयहरुको समेत सवै विद्यालयहरुले उतिकै महत्व दिनुपर्छ। अनुसन्धान गर्ने सोधकर्ताले नेपाली र अन्य विषयको समेत अनुसन्धान गर्नु पर्छ। प्रत्येक विद्यालयमा अनुसन्धानकर्ता आएका तथ्यहरु स्पष्ट पाउने गरी राखिनु पर्दछ । झन्झटिलो समय धेरै नाग्ने पट्यारिलो फाइलिंग र अभिलेखीकरण हटाउनु पर्दछ। विद्युतिय सामाग्रीहरुको प्रयोगबाट तथ्याङ्क हेर्न सकिने Networking व्यवस्था गर्न लगाउनु पर्दछ ।

अनुसन्धानकर्ताले विविध समस्यालाई उजागर गरी दिनु पर्दछ साथै समस्या समाधानका उपायहरु सुझाउनु पर्दछ। कमजोर विद्यार्थीलाई अभिभावक , विद्यालय र विषय शिक्षकले समेत निगरानी राखी उपयुक्त शिक्षण विधि प्रयोग गरी शिक्षण गर्नु पर्दछ । अनुसन्धानकर्ता वा अवलोकनकर्तालाई शैक्षिक प्रगति विवरण तथा अभिलेख सहजरुपमा उपलब्ध गराइदिनु पर्दछ । अनुशन्धानकर्ताले आगामी वर्षहरुमा अंग्रेजी विषयको भाषिक

सिपको अवस्थाका बारेमा शोधअध्ययन गर्नु पर्दछ । अंग्रेजी बाहेक नेपाली, सामाजिक तथा अन्य विषयहरुको पनि उपलब्धि स्तर वारे अध्ययन गर्नु पर्दछ । विगतमा भएका कमी कमजोरिहरुलाई सच्याउन सुझाव दिदै अन्य जस्तै भाषिक सिपको स्तर उन्नती र औषत प्रतिशत वृद्धिबारे अध्ययन गर्नुपर्दछ ।

# सन्दर्भ सामग्री

अधिकारी, विष्णु प्रसाद, (२०७२), *नि.माध्यमिक तह शिक्षक दर्पण,* काठमाण्डौं : आशिष पुस्तक भण्डार ।

अधिकारी, तोयानाथ, (२०७२), *निम्न माध्यमिक शिक्षक दिशा निर्देश,* काठमाडौं : …………

कार्की, भक्त वहादुर, (२०६६), *सामुदायिक माध्यमिक विद्यालयहरुमा गणित विषयको सिकाइ उपलब्धि* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर ।

संग्रौला, देवी प्रसाद, (२०६६), *प्रधानाध्यापकको विद्यालय सुधार योजना निर्माणमा व्यवस्थापकिय सैलिको प्रभाव* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा ।

गुरुङ्ग, पुराण, (२०७२), अंग्रेजी पढाउने पुराण सरको सरल काइदा*, शिक्षक मासिक प्रत्रिका,* चैत्र, वर्ष ८, अंक ९६, पृष्ठ २६ ।